जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ३२५ • २०८१ साल बैशाख ११ गते मंगलबार (23 April, Tuesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेश प्रदेशमा सवा अर्ब बढीको ढलान तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा १ अर्ब ३३ करोडको सडक ढलान लगायतका अल्प समयमा सम्पन्न हुने योजनाहरु सरकारले ल्याउन लागेको छ ।

सभासदहरुले पाउने संसदीय विकास कोषमाथि सर्वोच्च अदालतले रोक लगाएको छ । मधेश प्रदेशमा प्रत्यक्ष तर्फका सभासदका लागि जनही ३ करोड र समानुपातिक सभासदका लागि जनही १ करोड गरी कुल १ अर्ब ३३ करोड रकम छुट्ट्याइएको थियो ।

सर्वोच्चको आदेशले सो कोषको नाममा योजना कार्यान्वयन हुन नसकेपछि सरकारले त्यसलाई प्रदेश सभामार्फत साना योजनाहरु ल्याउने तयारी गरेको छ ।

अर्थ मन्त्री सञ्जय यादवले यस सम्बन्धमा हाल कुनै निर्णय नभएको बताएका छन् ।'प्रदेश सरकारको नियमित कैबिनेट बैठक मंगलवार बस्ने छ ' उनले भने, त्यस विषयमा कुनै निर्णय हुन सक्छ ।

बजेटको विषयमा कुनै निर्णय भए पनि त्यो प्रदेश सभाबाट मात्र हुने उनले बताए । आर्थिक वर्ष अन्त्य हुने समय कम रहेकाले छोटो समयमा सम्पन्न हुने योजनाहरु बनाएर कार्यान्वयन गर्न सकिने उनले बताए ।

सर्वोच्च अदालतको आदेशले संघीय र प्रदेश सभासदको विकास कोषको रकम कार्यान्वयनमा रोक लागेको छ ।स्रोतहरुका अनुसार बजेट कार्यान्वयन गर्न सबै दलका सभासदहरुबीच अलिखित सहमति भएको छ ।

संसदीय कोषको रकम खर्च गर्ने  विषयमा चर्चा चले पनि प्रकृयाबारे जानकारी नभएको नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णा यादवले जनाए ।

रातो किताबमा राखिएको शीर्षक कार्यान्वयन हुन नसक्ने भएपछि विकासको रकमलाई अन्य प्रक्रियाबाट काम गर्न सभासदहरु सहमत नै हुनुपर्ने उनको कथन छ ।

सरकारले कैबिनेटबाट निर्णय गरे अनुसार प्रदेश सभाको बैठक डाकिने बताइएको छ ।

### जसपा माओवादीसित 'वारपार'मा

## साहलाई वन मन्त्रालयको मौका, श्रम, यातायातमा लुंगेली तय

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारमा माओवादीले दुई मन्त्रालय पाए पनि अर्थमन्त्रालय नपाउने निश्चित भइसकेको छ । माओवादीबाट बिना विभागीय मन्त्री बनेका भरत साहले वन मन्त्रालयको जिम्मेवारी पाउने भएका छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) सरकारबाट बाहिरिएपछि रिक्त भएको वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी माओवादी संसदीयका नेता भरत साहलाई दिने जानकारी गराइएको स्रोतले जनाएका छन् ।

उच्च स्रोतका अनुसार साह सरकारमा सहभागी भए पनि उनले रोजेको अर्थमन्त्रालय दिन मुख्यमन्त्री सरोज कुमार यादवले अस्वीकार गरिसकेका छन् ।साहले दिएको धम्कीलाई सम्बोधन गर्दै उनलाई सरकारमा सहभागी गराइएको स्रोतले जनाए ।

स्रोतका अनुसार सरकारले नेकपा एसबाट मन्त्री बनेकी बेची लुंगेलीलाई श्रम तथा यातायात मन्त्रालय दिने पक्कापक्की भइसकेको छ ।साहका लागि सरकारमा कुनै फेरबदलको संकेत देखिएको छैन् ।

'मुख्यमन्त्री यादवसित रहेको वन तथा वातावरण र श्रम तथा यातायात मन्त्रालय रहेको छ 'स्रोतले भने, त्यसमध्ये वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी साहलाई र श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी लुंगेलीलाई दिने छ ।

लुंगेलीले श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी पाउने सहमति भएको नेकपा एसका एकजना पोलिटब्यूरो सदस्यले जनाए ।उनका अनुसार चालु आर्थिक वर्षमा अन्य मन्त्रालयहरुमा हेरफेरको संभावना रहेको छैन् ।

माओवादी दलका नेता साहले यस अघि पर्यटन, उद्योग तथा वाणिज्य मन्त्री सुनिता यादवलाई हटाउन सरकारलाई दबाब दिएको थियो ।यादवको स्थानमा साह सरकारमा गए पनि त्यो मन्त्रालय भने युवराज भट्टराईले पाएका छन् ।




साहले पनि वन मन्त्रालयमा चित्त बुझाउने मनस्थिति बनाइसकेको माओवादीका एकजना सभासदले जनाएका छन् ।' साह व्यक्तिगत स्वार्थमा लागेका छन्' सभासदले भने, यसले सबै प्रदेश र संघीय सरकारमा समेत अस्थिरता उत्पन्न हुन सक्छ ।

मुख्यमन्त्री यादवले मंगलवार मन्त्रिपरिषद्को बैठक बोलाएका छन् । मन्त्रिपरिषद्को बैठक अगावै पनि बिना विभागीय मन्त्रीहरुलाई वितरण गर्न सकिने सम्भावना छ । मुख्यमन्त्रीले मन्त्रालयको जिम्मेवारी तोकेर सम्बद्ध मन्त्रालयको योजनाहरु कार्यान्वयनमा तीव्रता दिन चाहेको बताइन्छ ।

माओवादी संसदीय दलका नेता साहले सरकारलाई अल्पमतमा पारेर मुख्यमन्त्री बन्न भारतको सुरसण्डमा बैठक नै गरेका थिए । तत्कालीन प्रमुख प्रतिपक्षी दल नेकपा एमाले, जनमत पार्टी, लोसपा र केही स्वतन्त्र सभासदसित मिलेर सुरसण्ड भेलामा मुख्यमन्त्री नै बनिसकेका थिए ।

तर उनको त्यो योजना नेपालको सीमामा आउन नपाउँदै तुहिएको थियो । सरकारमा रहेको माओवादी र लोसपा समेतले मिलेर सरकारलाई विश्वासको मत नदिई अल्पमतमा पार्ने प्रयास गरेको थियो । जनमत सरकारबाट बाहिरिएपछि मुख्यमन्त्रीले विश्वासको मत लिने अघिल्लो साँझ साह लगायतका सभासदहरुले सुरसण्डमा बैठक गरेका थिए ।

मुख्यमन्त्री यादवले चौथो पटक विश्वासको मत लिने क्रममा लोसपाले साथ छाडेपछि साहले 'वार्गेनिंग' बढाएका थिए । माओवादीले विश्वासको मत नदिँदा सरकार अल्पमतमा पर्ने प्रष्ट देखिएपछि मुख्यमन्त्री यादवले माओवादीलाई दुईवटा मन्त्रालय दिन सहमति जनाएका थिए ।

मधेश प्रदेशमा पटक-पटक 'घुर्की' देखाउने माओवादीलाई जसपाले लुम्बिनी प्रदेशमा 'काउण्टर अटेक' गरेको छ । लुम्बिनी प्रदेशमा दुई वटा मन्त्रालय दिने लिखित सहमतिलाई कार्यान्वयन गर्न मुख्यमन्त्री जोखबहादुर महराले अस्वीकार गरेपछि जसपाका मन्त्री भण्डारी लाल अहिरले राजीनामा दिएका छन् । उनी कृषि , भूमि व्यवस्था तथा सहकारी मन्त्री थिए ।

मुख्यमन्त्री बन्ने क्रममा महराले गरेको ७ बुंदे सहमतिमा जसपालाई कृषि र सहरी विकास तथा पर्यटन मन्त्रालय दिने उल्लेख गरिएको छ । मधेश प्रदेशमा माओवादीले किचकिच गर्न थालेपछि लुम्बिनीमा सरकारमाथि दबाब बढाइएको छ । जसपाको लुम्बिनी प्रदेश अध्यक्ष अशोक यादवले सहमति कार्यान्वयन नगरिए सरकारलाई दिएको समर्थन समेत फिर्ता लिने चेतावनी दिएका छन् ।


लुम्बिनी सरकारबाट जसपा बाहिरिएसँगै मधेश प्रदेशमा माओवादी सभासदहरु 'बैकफुट' मा देखिएका छन् । साहले सहजै वन मन्त्रालय लिन तयार भएका छन् ।

'मन्त्रालय सम्बन्धमा २/३ दिन भित्र टुंगो लाग्ने छ' साहले भने, मौखिक रुपमा मुख्यमन्त्रीले अर्थ मन्त्रालय दिने आश्वासन दिएका छन् । अर्थमन्त्रालय नदिए सोंच्ने साहले जनाए ।






# तराईमा अत्याधिक गर्मी हुने



**टुडे समाचारदाता**

काठमाण्डु । जल तथा मौसम विज्ञान विभागले विगत केही दिनदेखि देशका अधिकांश भूभागको अधिकतम तथा न्यूनतम तापक्रम क्रमिक रुपमा वृद्धि भइरहेकाले गर्मी बढी हुने जनाएको छ। विभागले लुम्बिनी प्रदेश तथा मधेस प्रदेशको तराई भूभागका थोरै स्थानमा बिगत दुई दिनदेखि तथा सुदूरपश्चिम प्रदेशको तराईका भूभागको थोरै स्थानमा बिगत एक दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको भन्दै तापक्रम बढ्ने हुँदा सचेत हुन सोमबार विशेष बुलेटिन सार्वजनिक गर्दै अनुरोध गरेको छ।

विभागको मौसम पूर्वानुमान महाशाखाले जारी गरेको उक्त बुलेटिनमा आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्थाको विश्लेषणअनुसार तराईका भू-भागमा अत्यधिक गर्मीको सम्भावना रहने भएकाले आवश्यक तयारी गर्न तथा आवश्यक सतर्कता अपनाउनहुन अनुरोध गरिएको छ।

"ती भूभागमा आगामी ५ दिन (२०८१ वैशाख १० गते देखि २०८१ वैशाख १४ गते) सम्म तातो हावा तथा तातो लहरको सम्भावना रहको हुनाले सो को असरबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ । साथै पहाडी भूभागका उपत्यका तथा खोचमा तापक्रम क्रमिक रुपमा बढ्न सक्ने सम्भावना रहेकोले यस महाशाखाबाट जारी हुने सूचना तथा पूर्वानुमानमा अध्यावधिक रहनुहुन अनुरोध छ", बुलेटिनमा उल्लेख छ।

महाशाखाले तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असर जस्तैः थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने देखिएकाले सोबाट बच्न पनि अनुरोध गरेको छ।

तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित (पटक-पटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिन अनुरोध गरिएको छ।

# माओवादी आन्दोलनको यात्रा जारी छ : उपाध्यक्ष सापकोटा

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उपाध्यक्ष एवं पूर्वसभामुख अग्निप्रसाद सापकोटाले माओवादी आन्दोलनको यात्रा जारी रहेको बताउनुभएको छ । नेकपा (माओवादी केन्द्र) काभ्रेपलाञ्चोक जिल्ला कमिटीको आइतबार नवौं पूर्ण बैठकमा उहाँले माओवादी पार्टीमात्रै नभएर विचारसहितको आन्दोलन पनि भएकाले निराश नभएर निरन्तर पार्टी र आन्दोलनमा लाग्न आग्रह गर्नुभयो।

सबै कुराको निर्धारण विचार र सिद्धान्तले गर्ने भएकाले पार्टी जति बिग्रँदै गए पनि आन्दोलनको यात्रा नरोकिने उहाँको भनाइ छ। "विचार र सिद्धान्तलाई सामान्य र कमजोर नठान्न सबैलाई विनम्र आग्रह छ, राम्रो नीति, योजना, कार्यदिशा र सिद्धान्त भयो भने अगाडि बढ्न कुनै अप्ठ्यारो छैन, त्यो तागत माओवादी पार्टीभित्र छ", उहाँले भन्नुभयो।

राजनीतिलाई कमजोर रूपमा नलिन र सामान्य ढङ्गले नसोच्न आग्रह गर्नै उहाँले सबै चिजको निर्धारण त्यसैले गर्ने भएकाले राजनीतिलाई अझ गहिराइमा पुगेर बुझ्न सबै नेता, कार्यकर्तालाई निर्देशनसमेत दिनुभएको छ। जनताले अझै पनि माओवादी पार्टीप्रति नै बढी विश्वास गरेको भए पनि २०५७ सालदेखि माओवादी पार्टीभित्र विचारको संश्लेशण गर्ने परिपाटी छोड्दै गएकाले



पार्टी पछि पर्दै गएको उहाँको भनाइ छ।

"हामीले माथिमात्रै हेर्ने, विश्वास गर्ने र त्यसैमा रमाउने मात्रै गरिरह्यौं", "त्यसबाट मुक्त हुँदै पार्टीको जग भनेको नै आधारभूत वर्ग किसान, मजदुर, पिछडिएको वर्ग र समुदायलाई बुझ्ने कामलाई गम्भीरतापूर्वक लिन आवश्यक छ ।"पार्टीलाई अझ गति पैदा गराउन राजीतिक खोज, अनुसन्धान र विश्लेषणलाई महत्वका साथ लिएर नयाँ योजना बनाएर अगाडि बढिरहेको उल्लेख गर्दै उहाँले आम नेता, कार्यकर्ताले पनि आफूलाई रुपान्तरण गर्दै बदल्न आफैँलाई चिन्नका लागि सोच्नसमेत आग्रह गर्नुभएको छ । अबको चार महिनाभित्रमा पार्टीको जनवर्गीय सङ्गठन र मोर्चाको सम्मेलन, भेला र प्रशिक्षण राखेर सङ्गठनलाई सक्रिय र चलायमान बनाउन लाग्न सबै कमिटीलाई उहाँले आग्रह गर्नुभयो ।पार्टीका केन्द्रीय सदस्य सूर्यमान दोङ (लालध्वज) ले पार्टी सङ्घ, प्रदेश र स्थानीय सबै तहमा सरकारमा रहेका कारण पार्टीभित्र देखिएको समस्या समाधान गर्न आधार प्रशस्त रहेको बताउनुभयो। कतिपय नेताले चित्त नबुझेर दिने गरेको राजीनामा मात्रै समस्याको समाधान नभएको टिप्पणी गर्दै नेतृत्व लिन र त्यही खालको परिणाम दिनेगरी काम गर्न तयार रहन आग्रह गर्नुभएको छ। पार्टी समस्याको निकास दिन र समानताको प्रतीकका रूपमा उभिएको भन्दै उहाँले नेता भएर साधारण जनताको सोच र चिन्तनमा बहकिने जस्तो व्यवहार नदेखाउन आग्रह गर्नुभयो।

पार्टीको केन्द्रीय सदस्य एवं काभ्रेपलाञ्चोक जिल्ला कमिटी इन्चार्ज तेजबहादुर मिजारले पार्टीले ल्याएको जबस मोर्चालाई सङ्गठित र क्रियाशील बनाउने अभियानलाई मूर्तरुप दिन अभियानमा लामबद्ध हुन तयार रहेको बताउनुभयो।

पार्टीका बागमती प्रदेश अध्यक्ष सरल सहयात्री पौडेलले पार्टी सङ्गठनभित्र सबै ठाउँमा समस्या देखापरेको भन्दै समाधानका लागि अगाडि बढ्न सबै जिल्लाका नेतृत्व र सिङ्गो पार्टी तयार रहन आग्रह गर्नुभयो। "नयाँ समस्या जति आयो, त्यति नै समाधान गर्न पार्टी नेतृत्व अगाडि बढ्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "त्यसखालका गतिविधि अवरुद्ध हुँदै आएको छ, त्यसका लागि वडा, पालिका र जिल्ला कमिटीले हिम्मत गर्न सक्नुपर्छ।"

पार्टी जिल्ला कमिटी संयोजक भोला अर्यालयको अध्यक्षतामा भएको बैठकमा सहभागी नेता र पालिका कमिटीका अध्यक्षले पार्टीलाई सक्रिय बनाउनुपर्ने, सबै जनवर्गीय सङ्गठन र मोर्चाको भेला, बैठक, प्रशिक्षणको आयोजना गरी सक्रिय पार्टी सङ्गठन निर्माण गर्न जोड दिएका थिए।रासस

# 'कम्युनिष्ट पार्टी स्थापनामा कर्माचार्यको भूमिका अतुलनीय'



**टुडे समाचारदाता**

काठमाण्डु। नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवम पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नेपालमा कम्युनिष्ट पार्टी स्थापना गर्न नरबहादुर कर्माचार्यको योगदान अतुलनीय रहेको बताएका छन् । ललितपुरको च्यासलस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानमा सोमबार आयोजित नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठानको कार्यक्रममा बोल्दै उनले कर्माचार्य नेपाली कम्युनिष्ट आन्दोलनको धरोहर भएको बताए।

अध्यक्ष नेपालले अरु पार्टीले नेपाली समाजलाई रुपान्तरण गर्न नसक्ने उल्लेख गर्दै क्रान्तिकारी सिद्धान्तले मात्र समाजलाई रुपान्तरण गर्न सकिने बताए । मुलुकमा लोकतन्त्रले मात्र नपुग्ने भन्दै उहाँले समाजवादी लोकतन्त्रसम्म पुग्नुपर्ने आवश्यकता रहेको बताए । नेपालले लोकतन्त्रको संवाहक कम्युनिष्ट पार्टी मात्र रहेको अध्यक्ष नेपालको भनाइ थियो। जनताको विकास र स्वाभिमानको पक्षलाई ध्यान दिँदै देशको भाग्य र भविष्यको फैसला कम्युनिष्टले गर्दछ भन्ने मान्यतालाई अझ उजागर गर्नुपर्ने उनले उल्लेख गरे । कम्युनिष्ट आन्दोलनप्रति जनताको ध्यान आकर्षित गर्न रचनात्मक भूमिका खेल्नुपर्ने उनले बताए।

"कम्युनिष्टका शत्रु र मित्र हामीले छुट्टाउनुपर्दछ", अध्यक्ष नेपालले भने, "मित्रलाई एकताबद्ध बनाउने र शत्रुलाई उपयोग गर्न आफ्ना पक्षमा ल्याउनुपर्दछ ।" उनले नेपालको राजनीति जटिल रहेको उल्लेख गर्दै सत्ताका लागि गठबन्धन टुट्ने फुट्ने क्रम चलिरहेको बताए । कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष तथा उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले नेपाल कम्युनिष्ट पार्टी स्थापना गर्नेमध्येका एक नरबहादुर कर्माचार्यको योगदानलाई बिर्सन नहुने बताए।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का नेता लिलामणि पोखरेल, प्रतिष्ठानका सल्लाहकार डा महेश मास्के, सहिद प्रतिष्ठानका अध्यक्ष धर्मशिला चापागाईंलगायतले कर्माचार्यले मुलुकको कम्युनिष्ट आन्दोलनमा खेलेको भूमिकाबारे चर्चा गरेका थिए।

# युएनडिपीको एसिया प्यासिफिक क्षेत्रका ३५ देशका प्रतिनिधीहरु नेपाल आउने

**टुडे समाचारदाता**

काठमाण्डु । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को एसिया प्यासिफिक क्षेत्रका ३५ देशका आवासीय प्रतिनिधिहरु नेपाल आउने भएका छन् ।अर्थमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', अर्थमन्त्री वर्षमान पुन र ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतलगायतसँग शिष्टाचार भेट गर्ने जनाइएको छ।

यस्तै, विग्नाराजासहितको टोलीले सोलुखुम्बु क्षेत्रको भ्रमणमा गर्नेछ। त्यहाँ इम्जा ताल निरीक्षण गर्ने कार्यक्रम छ। युएनडिपीले इम्जामा हिमताल फुट्न सक्ने सम्भावनालाई दृष्टिगत गर्दै उक्त जोखिम घटाएको थियो । तालभन्दा तल्लो भेगमा रहेका बस्तीको सुरक्षाका लागि युएनडिपीले तालभित्र जमेको हिउँ बाहिर निकालेर तालको गहिराइ बढाएको थियो। यस्तै, युएनडिपीले दोलखाको उत्तरी क्षेत्रस्थित रोल्वालिङ उपत्यकामा रहेको नेपालको सबैभन्दा ठूलो हिमताल च्छोरोल्पाको फुट्न सक्ने जोखिम पनि घटाएको थियो । आगामी दिनमा त्यस्तै जोखिममा रहेकामध्ये सुनकोशी बेसिनका तीन र गण्डकी बेसिनका एक तालको जोखिम घटाउने योजना रहेको लाबेले बताए।

वर्षमान पुनको सचिवालयले दिएको जानकारीअनुसार उहाँहरु यही वैशाख १७ गते काठमाडौं आइपुग्नेछ। युएनडिपीका तर्फबाट नेपालका लागि आवासीय प्रतिनिधि आयशानी मेडागाङ्गोडा लाबेले सोमबार अर्थमन्त्री वर्षमान पुनसँगको शिष्टाचार भेटमा उक्त भ्रमणबारे जानकारी गराएका छन्।

युएनडिपीको एसिया प्रशान्त क्षेत्रको बैठकका लागि उनीहरु काठमाडौं आउन लागेका हुन् । बैठकका लागि संयुक्त राष्ट्रसङ्घकी सहायक महासचिव एवं युएनडिपीकी एसिया प्रशान्त क्षेत्रका लागि क्षेत्रीय निर्देशक कन्नी विग्नाराजा पनि नेपाल आउनेछ । त्यस क्रममा विग्नाराजाले प्रधानमन्त्री

# लेनिन जन्मजयन्ती र नेकपा स्थापना दिवसका अवसरमा प्रमको शुभकामना

काठमाण्डु । प्रधानमन्त्री एवं नेकपा ९माओवादी केन्द्र० का अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड' ले सोमबार परेको समाजवादी क्रान्तिका नायक भ्लादिमिर इल्यिच लेनिनको १५४ औं जन्मजयन्ती तथा नेपाल कम्युनिष्ट पार्टीको ७५ औं स्थापना दिवसका अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ।

सोमबार एक विज्ञप्तिमार्फत उहाँले यस अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण कम्युनिष्ट क्रान्तिकारी, वामपन्थी, प्रगतिशील र देशभक्त शक्तिहरू तथा जनसमुदायमा हार्दिक शुभकामना व्यक्त गर्नुभएको हो । साथै सो विज्ञप्तिमार्फत उहाँले यस अवसरमा सहिदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै बेपत्ता योद्धाहरूप्रति उच्च सम्मानका साथ घाइतेहरूको शीघ्र स्वास्थ्यलाभ र दीर्घजीवनको कामना पनि गर्नुभएको छ।

लेनिन जयन्तीको अवसर पारेर नेपालमा आजभन्दा ७५ वर्ष पहिले २००६ सालमा नेपाल कम्युनिष्ट पार्टी स्थापना भएको स्मरण गर्दै प्रधानमन्त्री दाहालले वर्ग सङ्घर्ष र अन्तरसङ्घर्षका अनुभव र आन्दोलनका विभिन्न आरोह अवरोहका साथ नेपालको कम्युनिष्ट आन्दोलनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्दै समाजवादको दिशा परिलक्षित गरेको बताउनुभएको छ । प्रधानमन्त्री दाहालले कम्युनिष्ट आन्दोलनले जनवादी क्रान्तिको



मूलभूत कार्यभार नेपाली विशिष्टता र मौलिकतासहित पूरा गर्दै समाजवादी क्रान्तिको आधारविन्दु निर्माण गरेको पनि स्पष्ट गर्नुभएको छ।

प्रधानमन्त्री दाहालले सो विज्ञप्तिमा भन्नुभएको छ, "विचारधारात्मक सङ्घर्ष एवं एकता र विभाजनका अनेकौं अनुभवसहित यति बेला हामी वामपन्थी, देशभक्त तथा प्रगतिशील शक्तिहरूबीच सहकार्यका साथ सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्यमा अग्रसर भइरहेका छौं ।" उहाँले भन्नुभएको छ, "यसले हामीलाई एकातर्फ बदलिएको राजनीतिक प्रणालीअनुरूप जनताको जीवनमा परिवर्तन ल्याउँदै समाजवादको लक्ष्य प्राप्तिमा मार्गनिर्देश गर्नेछ भने अर्कोतर्फ सत्ता समीकरण, सहकार्य र सहयात्रा हुँदै एउटै कम्युनिष्ट केन्द्रको साझा सपना र सङ्कल्पलाई सार्थक तुल्याउनेछ।"

प्रधानमन्त्री दाहालले आजको दिन विगतका अनुभवहरूको समीक्षा र संश्लेषणसहित वामपन्थी शक्तिहरूबीच वैचारिक र राजनीतिक प्रश्नमा गहन छलफलका साथ साझा निष्कर्षमा पुग्न सङ्कल्प गर्ने दिन हो भन्नुभएको छ।

कम्युनिष्ट एवं वामपन्थी शक्तिहरूको साझा सङ्कल्प, सहकार्य र एकताको आधारमा मात्रै देशमा विद्यमान चुनौती सम्बोधन गर्दै आशाको रक्तसञ्चार सिर्जना गर्न सम्भव रहेको उहाँको भनाइ छ।

प्रधानमन्त्री दाहालले भन्नुभएको छ, "यही निष्कर्षका साथ सुरू गरिएको सत्ता सहयात्रालाई विभिन्न चुनौतीहरूबाट जोगाउँदै निर्धारित लक्ष्यसम्म पुऱ्याउनु हामी सबैको साझा जिम्मेवारी हो। यस दिशामा सम्पूर्ण वामपन्थी शक्तिहरू एवं सम्पूर्ण क्रान्तिकारी जनसमुदायको सकारात्मक योगदान रहनेमा म विश्वस्त छु।"रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| बृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाहीको बसबरिया गाउँपालिका-५, मानपुरका स्थानीय राजिव कुशवाहले अन्न भण्डारण गरेको भकारी । अन्नपात सुरक्षित राख्नका लागि काठ र बाँसको टाटी लगाई बाहिरबाट गोबरमाटोले लिपेर खरले छाएर भकारी बनाईन्छ । पछिल्लो समय यसरी भकारी बनाउने तथा अन्नपात भण्डारण गर्ने चलन हराउँदै गएको छ। *तस्बिर : रासस*

# न्यायका लागि भौतारिंदै बुवाआमा

**टुडे समाचारदाता**

मलंगवा । छोराको हत्या भएको महिनौ वितिसक्दा पनि हत्याराहरु उपर प्रहरी प्रशासनद्वारा कुनै कारयवाही नभएपछि पीडित आमाबुवाले सञ्चारकर्मीहरु समक्ष न्यायको लागि गुहार लगाएका छन् ।

कौडेना गाउँपालिका-५ घरभई हाल हरिपुर्वा नगरपालिका-९ मिरचइया टोल बस्ने शिवजी रायका १८ बर्षीय छोरा ललन यादवको हत्या भएको लामो समय बितिसक्दा पनि न्याय नपाएको पीडित परिवारले पत्रकारहरुसँग गुनासो गरे ।

२०७९ साल माघ ११ गते श्रीपञ्चमीका दिन हरिपुर्वा नपा बसन्तपुर स्थित माइतीमा बस्दै आएकी मनतोरिया देवीले छोरा मृतक ललन यादवलाई सोही गाउँ बस्ने किशुन देव रायको छोरा संजय यादवले साँझको समयमा काम गराउन भनी घरबाट लगेर सोही गाउँका अजय यादव, राम प्रताप यादवसँग मिलेर हत्या गरेको आरोप लगाए ।





वैदेशिक रोजगारीमा रहेका मृतकका वुवा तुरुन्त घर फर्की घटनाको विषयमा जाहेरी दर्ता गराउन इलाका प्रहरी कार्यालय केशरगंजमा जाँदा जाहेरी लिन नमानेपछि सदरमुकाम मलंगवामा रहेको जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा गएको तर त्यहाँ पनि कुनै सुनुवाइ नभए पछि बाध्य भएर इप्रका केशरगंजलाई हुलाक मार्फत जाहेरी पठाएको पीडित मनतोरिया देवीले बताइन ।

जाहेरी पठाए पनि कुनै कारवाही अगाडि नबढेपछि उच्च अदालत जनकपुरबाट परमादेश जारी गराएर ल्याएको तर प्रहरीले सो आदेशको समेत पालना नगरि कानमा तेल हालेर बसेपछि बाध्य भएर न्यायको लागि पत्रकारहरुलाई गुहारेको उनले दुखेसो पोखिन । उच्च अदालतले इप्रका केशरगंजको नाममा पीडितको जाहेरी दर्खास्त दर्ता गरी घटनाको आवश्यक निकास दिनु भनि परमादेश जारी भए पनि सो आदेश प्रति प्रहरीले चासो नदेखाएको पीडित परिवारले पत्रकार हरुसँग गुनासो गरेका छन ।

# ‘रावायण’ फिल्मको शुभमुहूर्त

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्देशक सुदर्शन थापा र अभिनेत्री पूजा शर्माले निर्माण गर्न लागेको ‘रावायण’ फिल्मको जनकपुरधाम जानकीमन्दिरमा शुभमुहूर्त गरिएको छ ।

फागु पूर्णिमाको अवसर पारेर फिल्म २०८१ सालको भदौं २१ गते रिलिज गरिने घोषणा पनि गरिएको छ ।

तीजको अवसर पारेर प्रदर्शनमा ल्याइने घोषणा गरिएको फिल्म सुदर्शन थापा प्रोडक्सन र पूजा शर्मा प्रोडक्सनको संयुक्त ब्यानरमा बन्न लागेको जनाइएको छ ।



फिल्मका मुख्य कलाकार हरुमा पल शाह, पुजा शर्मा, प्रियंका कार्की, प्रमोद अग्रहरी, निकीता चण्डक, पुष्पा यादव,प्रकाश शाह, कैलाश रावल, अर्जुनजंग शाही, शर्मिला मल्ल, प्रदिप ढकाल लगायत धेरै नयाँ तथा पुराना कलाकार हरुको अभिनय रहने जनाइएको छ । सो फिल्ममा शिवम अधिकारीको लेखन, सौरभ लामाको छायांकन, रामजी लामिछाने, बिक्रम स्वारको कोरियोग्राफी रहने छ ।

# उद्योगमा प्रशोधन केन्द्र बनाउन १५ दिनको समय माग

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जको सिर्सिया नदीमा उद्योगको फोहोर पानी मिसाउँदै आएका उद्योगीले प्रशोधन केन्द्र (ट्रीटमेन्ट प्लान्ट) निर्माणका लागि अन्तिम पटक १५ दिनको समयावधि माग गरेका छन् । नदीको प्रदूषण नियन्त्रणका लागि करिब डेढ वर्ष अघिदेखि वीरगञ्ज महानगरपालिकाले उद्योगीसँग अनुगमन तथा समन्वय गर्दै आएपनि उद्योगीले अटेर गर्दै आएका थिए ।

चैते छठको समयमा नदीको पानी अत्यधिक प्रदूषित देखिएपछि महानगरवासीले सामाजिक सञ्जालमा मेयरको आलोचना गरेका थिए । प्रदूषण नियन्त्रणका लागि उद्योगीले पटक-पटक प्रतिवद्धता जनाए पनि काम भने नगरेको भन्दै मेयर सिंहले सोमबारदेखि ती उद्योगमा शिलबन्दी गर्ने वीरगञ्ज उद्योग वाणिज्य संघलाई जानकारी दिएका थिए ।

उद्योगीहरु संघमा छलफल पछि आइतबार साँझ साढे ५ बजे मेयर सिंहको कार्यकक्षमा पुगेका थिए । ‘सामूहिक रुपमा आएका उद्योगीले आफ्ना उद्योगमा ट्रीटमेन्ट प्लान्ट स्थापना गर्न १५ दिनको समयावधि माग गरेका छन्,’ मेयर सिंहले भने, ‘अन्तिम पटकका लागि समय दिएका छौं, प्रदूषण फैलाउने उद्योगमाथि कारवाही गर्छौं ।’

मेयर सिंहका अनुसार सोमबारदेखि नै कारवाही गर्ने योजनामा थियौं । अन्तिम पटकका लागि १५ दिन भित्र प्रदूषण नियन्त्रणका लागि ट्रिटमेन्ट प्लान्ट स्थापना गर्ने प्रतिवद्धता जनाएका छन् । पर्सा वारा औद्योगिक कोरिडोरमा रहेका १३ वटा उद्योगले फोहोर पानी सिधैं नदीमा मिसाउने गरेको उनले जनाए । अरनिको टेक्सटाइल्सका गौरव गाडियाले माग गरिएको समयावधि भित्र प्रदूषण नियन्त्रण गरिने बताए ।

‘सबै उद्योग सञ्चालनको फरक-फरक विधि छन्, कसैलाई एक हप्ता लाग्ला त कसैलाई १५ दिन लाग्ला,’ उनले भने, ‘निर्धारित समयमा प्रदूषण नियन्त्रण गर्ने प्रतिवद्धता जनाएका छौं ।’ सिद्धि टेक्सटायल्सका अशोक अग्रवालले विगतको भन्दा केही परिमाणमा प्रदूषण कम भएको बताए ।‘हामीले पोखरी खनेका छौं, तीनवटा पिट निर्माण गरेका छौं,’ उनले भने, ‘सिर्सिया नदी प्रदूषणमुक्त पार्ने प्रतिवद्धता जनाएका छौं । प्रदूषण नियन्त्रणका लागि अन्तिम पटकका लागि समय माग गरेका छौं ।



सिर्सिया नदी आसपास रहेका उद्योगहरुकै कारण नदी प्रदुषित बनेको भन्दै मेयर सिंहले प्रदूषण फैलाउने उद्योगलाई शीलबन्दी गर्ने जनाएका थिए । उद्योगहरुले रसायनयुक्त लेदो तथा फोहोर पानी प्रशोधन नगरि नदीमा मिसाउने गरेका छन् । यस अघि नदी प्रदुषित गर्ने ५ वटा उद्योगलाई महानगरले ३/३ लाख रुपैयाँ जरिवाना गरेको थियो ।

पटक-पटक प्रदूषण नियन्त्रण गर्न ताकेता गर्दा पनि उद्योगले अटेरी गरेपछि महानगरपालिकाले जरिवाना गरेको थियो । सिर्सिया नदी प्रदूषण नियन्त्रण समितिका अनुसार ग्लोबल लेदर, मारुती पल्स एण्ड पेपर, दुर्गा पल्स एण्ड पेपर र सिद्धी टेक्सटायल्सले प्रदूषण नियन्त्रणमा अझैं अटेर गरिरहेको छ। महानगरपालिकाले गत फागुन १६ मा उद्योगहरुबाट निस्केको छाई सिर्सिया नदीमा फाल्ने ३ वटा ट्याक्टरलाई नियन्त्रणमा लिई जरिवाना असुलेको थियो।

पर्सा, वारा एवम् सीमावर्ती भारतीय सहर रक्सौल समेतको जीवनदायिनी नदीको रुपमा रहेको सिर्सिया नदी प्रदूषणको चपेटामा परेको छ । नदीमा सफा पानीको ठाउँमा कालो लेदो बग्ने गरेको छ । सिर्सिया नदीको प्रदूषण नियन्त्रणका लागि वीरगञ्ज महानगरपालिका, जितपुर सिमरा उपमहानगरपालिका, परवानीपुर गाउँपालिका, दुबै जिल्लाका प्रहरी प्रशासन प्रमुख र अन्य सरोकारवाला निकायको संयुक्त बैठकले अनुगमन समिति गठन गरेको थियो ।

पछिल्लो ३ दशकयता प्रदूषणको चपेटामा परेको सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउन वीरगञ्ज महानगरपालिकाले अभियानको सुरुवात गरेको छ । उपमेयर इम्तियाज आलमको संयोजकत्वमा गठित सिर्सिया नदी प्रदूषण नियन्त्रण समितिले उद्योगहरुमा पटक पटक अनुगमन गर्दै आएको छ। अनुगमनको क्रममा नदी किनारमा सञ्चालित उद्योगहरुले त्यहाँबाट निस्किने रसायनयुक्त फोहोर, छालाको लेदो, कोइलाको छाई, फोहोर पानी लगायतका वस्तु प्रशोधन नै नगरि सिधै नदीमा फाल्ने गरेको पाइएको थियो।

# साईबर अपराध सम्बन्धी सचेतना



**टुडे समाचारदाता**

वीरगञ्ज। किशोर किशोरीलाई लक्षित गर्दै वीरगंजमा साइबर अपराध सम्बन्धी सचेतनामुलक कार्यक्रम भएको छ।

सोमबार समुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत वीरगञ्ज महानगरपालिकास्थित आदर्शनगरको हरि खेतान बहुमुखी क्याम्पसमा ग्रीन सिटी समुदायिक सेवा केन्द्र तथा ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगर पर्साको संयूक्त आयोजनामा प्रहरी विद्यालय सम्पर्क कार्यक्रम किशोर/किशोरी सचेतना तथा साइबर अपराध सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ। स्थानीय समाजसेवी, नागरिक समाज र संचारकर्मीहरुको उपस्थितिमा हरि खेतान बहुमुखी क्याम्पसका कक्षा १२ का १ सय ५० जना छात्राहरुलाई किशोर/किशोरी सचेतना तथा साइबर अपराध सम्बन्धी कार्यक्रम गरी गरिएको पर्सा प्रहरीले जनाएको छ।

# मोटरसाइकल दुर्घटनामा श्रीमान्-श्रीमतीको मृत्यु

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको बर्दिबासमा सोमबार भएको मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु भएको छ ।

बर्दिबास नगरपालिका-२ कालापानी जंगल क्षेत्रमा बा. प्रा. ०२-०४३ प ७१८४ नम्बरको मोटरसाइकल दुर्घटना भएको थियो। दुर्घटनामा सर्लाहीको ईश्वरपुर-५ का ३५ वर्षीय मनोज चौधरी र उनकी श्रीमती २४ वर्षकी शिवानी चौधरीको मृत्यु भएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका दुवैको उपचारका लागि जनसेवा अस्पताल, बर्दिबास लैजाने क्रममा बाटैमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# गणतन्त्रको संरक्षणका लागि सबैको सहकार्य आवश्यकः देउवा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गणतन्त्रको संरक्षणका लागि सबैको सहकार्य आवश्यक रहेको बताएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को हीरक महोत्सवका अवसरमा गोदावरीमा भइरहेको समारोहमा सम्बोधन गर्दै उनले वर्तमान लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई सुनिश्चित गर्न सबैको सहकार्य जरुरी भएकोमा जोड दिएका हुन् ।



“नेकपा स्थापना भएको ७५ वर्ष पूरा भएको छ, त्यसमा म बधाई दिन चाहन्छु”, सभापति देउवाले भने, “नागरिकको मौलिक हक अधिकारको संरक्षण, देशमा दिगो शान्ति, सुशासनका लागि न्यूनतम सहमति र सहकार्य जरुरी छ।”

उनले सङ्घीय संसद्मा प्रतिपक्षले उठाएको विषयलाई गम्भीरतापूर्वक लिन समेत आग्रह गरे । उनले जननेता मदन भण्डारीको हत्यारा अहिलेसम्म पत्ता किन नलागेको भन्दै प्रश्न समेत गरे ।

# गर्भवती गाईको हत्या गर्नेलाई कारबाहीको माग

**टुडे समाचारदाता**

नेपालगंज । गर्भवती गाईको हत्या भएको खबर सार्वजनिक भएपछि राष्ट्रिय एकता अभियानले विरोध गर्दै प्रदर्शन गरेको छ ।



पाँच महिने गर्भवती गाईको हत्या गरेको विरुद्धमा सो अभियानले नेपालगंजमा प्रदर्शन गरेको छ ।

अभियानका राष्ट्रिय अध्यक्ष विनय यादवको अगुवाईमा भएको सो प्रदर्शनमा गाईको हत्या गर्नेलाई कारबाहीको माग गरेको छ ।

गौ हत्याले हिन्दु समुदायको धार्मिक आस्थामा चोट पुर्‍याउने र धार्मिक सहिष्णुतामाथि प्रहार गरेको अध्यक्ष यादवले बताए ।

अभियानले सो जघन्य कार्यका लागि जिम्मेवार व्यक्तिहरूलाई तुरुन्त र कडा कानुनी कारबाहीको माग गरेको छ ।

अभियानले हिन्दू समुदायको आस्था र भावनामा जानीजानी प्रहार गरिएकोले सो घटनालाई देशैभरी जारी जिहादको एक अंगका रूपमा रहेको समेत दावी गर्दै जिल्ला प्रशाशन कार्यालय पुगी अपराधीलाई कार्यवाही को मांग गर्दै प्रमुख जिल्ला अधिकारी श्रावण कुमार पोखरेललाई ज्ञापन पत्रसमेत बुझाएको छ ।

कानूनलाई कायम राख्न र हाम्रो समाजको धार्मिक सद्भावको रक्षा गर्ने उद्देश्यले आन्दोलन गरेको उनले बताए ।


# शिक्षा सुधारको माग गर्दै स्थानियतहमा ज्ञापन

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घले शिक्षा सुधारसहित विभिन्न माग राखेर स्थानीय तहमा ज्ञापनपत्र बुझाएको छ । नेवि सङ्घद्वारा सोमबार आयोजित पत्रकार सम्मेलनमा सङ्घका अध्यक्ष दुजाङ शेर्पाले शिक्षा सुधारका लागि विभिन्न माग राखेर देशभरका स्थानीय तहका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई ज्ञापनपत्र बुझाएको बताएका छन् ।

उनले गतचैत २२ गते बसेको केन्द्रीय समितिको बैठकको निर्णयअनुसार यही वैशाख ६ गते सबै स्थानीय तहमा १७ बुँदे ज्ञापनपत्र बुझाइएको जानकारी दिए। “वैशाख ६ गते देशभरका ६ सय १३ स्थानीय तह, वैशाख ९ गते एक सय २७ पालिकामा र बाँकी नौ पालिकामा इमेलमार्फत ज्ञापनपत्र बुझाएका हौं,” अध्यक्ष शेर्पाले भने ।

नेविसङ्घले स्थानीय तहसँग विद्यालय शिक्षा निःशुल्क गर्नुपर्ने, कूल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रमा विनियोजन गर्नुपर्ने, माटो सुहाउँदो स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्ने, पोषणयुक्त दिवा खाजा दिनुपर्ने, खेलकुद तथा शैक्षिक सामग्री उपलब्ध गराउनुपर्ने, विद्यालय आफैंले किताब बिक्री गर्ने कार्यको अन्त्य हुनुपर्ने, शिक्षकलाई न्यूनतम पारिश्रमिकभन्दा बढी दिनुपर्नेलगायत माग राखेका छन् । अध्यक्ष शेर्पाले सार्वजनिक शिक्षाप्रति आमनागरिक तथा विद्यार्थीको भरोसा आर्जन गर्दै सरकारी र निजी विद्यालय शिक्षामा देखिएको खाडल पुर्नका लागि ज्ञापनपत्रले सहयोग पुग्ने विश्वास व्यक्त गरे ।




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# बढदो गर्मी, सुक्दै पानी

नेपालको तराई र भारतको उत्तरमा वैशाख महिनाको प्रारम्भदेखि नै गर्मी बढन थालेको छ । हुनत वैशाख महिनामा गर्मी हुनु अस्वभाविक पनि होइन् । कृषि कार्यका लागि वैशाख, जेठको गर्मी उपयुक्त नै मानिन्छ । तर समस्या गर्मीको कारण पानीको मुहान सुक्नु हो । बद्दो गर्मीसँगै पानीको मुहान सुक्न थालेको छ । पिउने पानीको समस्या सुरु भइसकेको छ । चापाकलहरु सुक्न थालेका छन् । सरकारले सहरमा समेत स्वच्छ पिउने पानी उपलब्ध गराउन सकेको छैन् । खानेपानी संस्थानको कार्य सुस्त छ । पानीको लागि हाहाकार हुने संकेत देखिन थालेको छ । तराईको दक्षिणी भेगमा पिउने पानीको विकराल स्थिति हाल नदेखिए पनि उत्तरी भेगमा पानीको हाहाकार हुन थालेको छ । पिउने पानी नै नभएपछि खेतीका लागि पानीको चर्चा नै छैन् । गत वर्ष वर्षा कम भएको थियो । पोखरीहरुमा समेत पानी सुकिसकेको छ । खेतीका लागि सरकारले सिँचाईको समुचित व्यवस्था गर्न अपेक्षाकृत सकेको छैन् । कृषिमा स्वरोजगार सृजना गर्ने सरकारी दावीहरु शतप्रतिशत झुठो हुन थालेको छ । खेतीमा बाली लगाउने अवस्था नै नभएपछि किसानका सन्तान विदेशिन बाध्य छन् । खेतीहर मजुदर पनि विदेशिएकाले कृषिकर्म गर्न किसानलाई कठिन भएको छ । सामाजिक लेनदेनको व्यवहार बन्द भएको छ । त्यसको जटिलता अर्को छ । सरकारले समयमै पिउने पानीको बन्दोबस्त गर्न काम थाल्नु पर्छ । संघीय खानेपानी, प्रदेश खानेपानी र पालिका खानेपानी निकायहरुले आम नागरिकलाई स्वच्छ पिउने पानी उपलब्ध गराउन काम अगाडि बढाइसक्नु पर्छ ।खेतमा पानी नभएको जटिलता भन्दा पिउने पानीको समस्या भए जनधनको क्षति हुन सक्छ । सरकार यस तर्फ गंभीर हुनु आवश्यक छ । सहर बजारमा २ ईञ्चको साढे ४ सय फिट गहिरो चापाकलले पानी तान्न छाडेपछि हुने खानेले ४ ईञ्चको ५ सय फिट गहिरो चापाकल जडान गर्न थालेका छन् । ४ ईञ्चको ५ सय फिट गहिरो चापाकलको संख्या बढ्न थालेसँगै २ ईञ्चको चापाकलहरु सुक्ने क्रम झन बढेको बताइन्छ । सरकारले पानीको समस्या समाधान गर्न विज्ञहरुसित सल्लाह गरी चापाकलका लागि मापदण्ड बनाउनु पर्छ । विज्ञहरुका अनुसार एउटै लेयरमा पानी तान्ने धेरै पम्पहरु जडान भए पानी कम हुँदै जानेछ । वैशाखमै पानीको मुहान सुक्न थालेपछि जेठ महिनामा झन समस्या बढने देखिन्छ । यसबारे तीनै तहको सरकारले ध्यान दिनुपर्छ ।

# समस्याग्रस्त नेपाली कम्युनिष्ट आन्दोलन



श्यामल अधिकारी

पुष्पलालको नेतृत्वमा शुरु भएको नेपाली कम्युनिष्ट आन्दोलनले ७५ वर्षको उमेर टेकेको छ । यस बीचमा यसलाई नानाभाँती रोग लागेका छन् र विचलित हुँदै, विखण्डित हुँदै, फाट्दै जुट्दै यसले अस्तित्व धानिरहेको छ । मानव समाजलाई अधिक मानवीय बनाउन, सामन्ती र पूँजीवादी शोषणबाट मुक्त गर्न, बढीभन्दा बढी स्वाधीन र स्वशासित बनाउन र धर्तीलाई मानव जातिको उत्कृष्ट वासस्थान बनाउने युगौंयुगदेखिका परिकल्पनाहरुलाई कार्ल मार्क्स र एगेल्सले निस्कर्षमा ल्याए र त्यसो गर्नु सम्भव छ भनी देखाए । यसले स्वतन्त्रताका अवधारणा र आकांक्षाहरुलाई नयाँ आयाम दियो । श्रमजीवी जनतालाई संगठित गरेर शोषणको जंजीरबाट उम्कने प्रयत्नहरुलाई यसले तीक्ष्णता दियो । यसले नै मुक्तियुद्धहरुको पक्षपोषण गर्दै साम्राज्यवाद र उपनिवेशवादलाई दुत्कार्‍यो ।

पहिले नेपाली कांग्रेसमै रहेका पुष्पलाल आदिले प्रजापरिषद् र कांग्रेसजस्ता क्रान्तिमा ऐतिहासिक योगदान गरिआएका पार्टीहरुबाट शोषणमुक्त समाजको निर्माण सम्भव नहुने निस्कर्षमा पुगेर नेपाली कम्युनिष्ट आन्दोलनको जग बसालेका थिए । सन् १९४८ को अगस्त महिनामा कलकत्तामा स्थापना भएको नेपाल प्रजातन्त्र कांग्रेसको स्थापनाका सन्दर्भमा पुष्पलालले भनेका छन्– 'उक्त पार्टीका नेताहरुको आपसी झगडाको बाबजुद एक मौलिक कुरामा उनीहरुको मिलनविन्दु भेटिन आएको थियो-त्यो हो भारतीय एकाधिकार पूँजीको सहयोगले राणाशाहीलाई हटाई नेपालमा यौटा यस्तो जनप्रिय सरकार गठन गराउनु जसबाट देशमा कम्युनिष्ट आन्दोलन रोक्न सकियोस् । उनीहरुको 'मुखपत्र'ले नेपालका तत्कालीन प्रधानमन्त्री मोहनशमशेर र भारतका तत्कालीन प्रधानमन्त्रीसंग नेपाली कम्युनिष्ट आन्दोलनको मुकाबिला गर्नको निम्त आफ्नो हात अघि बढाउने कुरालाई कबुल गरेको थियो । राणाशाही विरोधी आन्दोलन सम्पूर्ण सामन्ती व्यवस्था, विदेशी हस्तक्षेप र साम्राज्यवाद विरोधी आन्दोलनको रुपमा उठ्दा स्वयं उनीहरुको वर्गीय स्वार्थमा नै धक्का लाग्ने हुँदा राणाशाही विरोधी आन्दोलनलाई गुमराह गर्नको निम्ति उनीहरुद्वारा उक्त प्रचार गरिएको हो । उनीहरुको यस नीतिबाट असन्तुष्ट भई ती पार्टीका वामपन्थी कार्यकर्ताहरुले सन् १९४९ अप्रिल २२ का दिन नेपाल कम्युनिष्ट पार्टीको गठन गरी १५ सेप्टेम्बर १९४९ मा त्यसको स्थापनाको घोषणा गरे ।'

यसबाट स्पष्ट हुन्छ, नेपालको कम्युनिष्ट आन्दोलन घरेलु सामन्तवाद र विदेशी हस्तक्षेपको विरोधमा खडा भएको आन्दोलन थियो । तर कालान्तरमा गएर यस आन्दोलनमा घुसपैठ बद्दै गयो र यसको एउटा भङ्गालो आफ्नो मूलधर्मबाट उछिट्टिएर कहिल्यै रुसी त कहिल्यै भारतीय र अमेरिकी शासकका हातको खेलौना बन्न पुग्यो । यहाँनिर पुष्पलाल नेतृत्वले तय गरेको सङ्घर्षको मूल कार्यक्रम घरेलु सामन्तवाद र विदेशी हस्तक्षेप दुबैको विरोधका सन्दर्भमो नेकपाको पछिल्लो भूमिका नकारात्मक देखिन्छ ।

कम्युनिष्ट पार्टीहरुको मुख्य काम पिछडिएका वर्गलाई शोषणमुक्त गराउनु हो र समाजमा र राज्यमा समान हैसियत प्राप्त गर्न सङ्घर्षको नेतृत्व गर्नु हो । तर साढे सात दशकअघिको नेकपा स्थापना कालका सङ्घर्षका कार्यक्रम आज पनि उही रुपमा कायम छन् । नेकपा, खासगरी नेकपा (माओवादी)को तीव्र दबाबले घिसारिएर नेपालको



संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र बनाए पनि महिला, गरीब तथा दलित वर्गको उत्थान र आर्थिक सामाजिक हैसियतको सबलीकरण हुन सकिरहेको छैन । गणतन्त्र कम्युनिष्ट पार्टीकै कार्यक्रम हो । यहाँसम्म ठीकै छ किनकी नेपाल गणतन्त्र भएको छ । अर्थात् सामन्तवादको सबैभन्दा ठूलो प्रतिनिधि राजतन्त्र समाप्त भएको छ । तर प्रतिनिधित्वको प्रश्नमा नेकपाहरूको संगठनका तलदेखि माथिसम्म अवस्था सोचनीय देखिन्छ । पार्टीहरुले पार्टी र राज्य सन्चालनमा महिलाहरूको सहभागिता ३३ प्रतिसत पुऱ्याउन सकिरहेका छैनन् । दलितहरूको यथोचित प्रतिनिधित्वको प्रश्न झन् टडकारो हुँदै गएको छ । निश्चय नै सर्वोच्च नेताहरुका नजिक परेका केही सम्भ्रान्त महिला र दलित अनुहार हेर्न लायक छन् । तिनको व्यक्तिगत हैसियत केही हदसम्म बढे पनि तिनका समुदायको हालत गम्भीर किसिमले दयनीय छ ।

समाज र राष्ट्रलाई आर्थिक रूपमा अधिकतम स्वाधीन बनाउनु, राष्ट्रिय पूँजीको निर्माण र विकास गरी उद्योगधन्धालाई राज्यको संरक्षणमा हुर्काउनु र सामाजिक न्यायको सिद्धान्त अनुरुप न्यायपूर्ण वितरण प्रणाली स्थापना गर्नु कम्युनिष्ट पार्टीका अनिवार्य कामहरु हुन् । यी तीनवटै प्रश्नमा नेकपा असफल भएको छ । पहिलोमा निरन्तर बढ्दो नेपालको वैदेशिक ऋणलाई झार्ने कदम हुनुपर्ने थियो । त्यसो भएको देखिन्न । विदेशी ऋण पाएकामा गर्व गर्नेहरु शासनारुढ भए । दैनिक आवश्यकताका वस्तुहरुमा निरन्तर मूल्यवृद्धि भइरहँदा पनि आफ्ना कार्यकर्तालाई सडकमा उतारेर जबर्जस्त दबाब सिर्जना गर्न सकिन्थ्यो । त्यो पनि गरिएन । भूमिको न्यायपूर्ण वितरणको अवस्था ज्यूँका त्यूँ छ । सुकुम्बासी समस्या उस्तै छ । यसरी आधारभूत काम गर्नबाट बन्चित भएका छन् कम्युनिष्ट पार्टीहरु ।

कम्युनिष्ट पार्टीहरूसँग जनमत त छ तर त्यस जनमतको कदर गर्ने विवेक उनीहरुसँग छैन । नामैले गर्दा उनीहरु यदाकदा एक हुन्छन् । जुंगाको लडाईंले छुट्टिन्छन् । एक-अर्कोलाई गद्दार, प्रतिक्रियावादी, प्रतिगमनको मतियार, अहंकारी आदि भन्ने गर्छन् । मानौं शिष्टता तिनका शब्दावलीमा छैन ।

नेपालका कम्युनिष्ट पार्टीको पछिल्लो रुपरङ्ग हेर्न लायक छ । पन्ध्र वर्ष एमालेको महासचिव रहेका र त्यही नाताले प्रधानमन्त्री समेत भएका व्यक्ति आफू अध्यक्षमा हारेपछि अध्यक्ष पदमा दाबी गर्छन् । हारे पनि अध्यक्ष वा महासचिव हुन पाउने समाजवाद यहीं छ । यही भएर त प्रतिनिधिसभाको चुनाव हारेकालाई राष्ट्रियसभामा ल्याइन्छ । यसले कम्युनिष्ट पाटीहरूको विश्वसनीयतामाथि ठूलो प्रश्नचिन्ह उठाइरहेको छ । मुख्य कुरा सैद्धान्तिक हो र त्यहींनिर नेपालको कम्युनिष्ट आन्दोलनले धरातल छोडेको हुन्छ । उनीहरुमाथि राजतन्त्रलाई उखेलेर फ्याँक्ने बेला पञ्चायतको आगमनमा दीपावली गरेको आरोप त्यसै लागेको होइन । गम्भीर सैद्धान्तिक विचलनका दृष्टान्तहरु नभएका होइनन्, छन् । जनमत सङ्ग्रहमा नेकपा (माले)को तर्फबाट भएको गल्ती यस्तैमा पर्दछ ।

मार्क्सवादी साहित्यमा आलोचनालाई राम्रो स्थान दिइएको छ । तर हामीकहाँ त्यो सैद्धान्तिक स्तरमा मात्र स्वीकार्य रहेको देखिन्छ । आलोचनालाई गालीको स्तरमा र फट्याईंलाई क्रान्तिकारिताको स्तरमा राखिँदा विश्व कम्युनिष्ट आन्दोलनमा थुप्रै कमजोरी रहेका देखिन्छन् । उदाहरणका लागि, बोल्सेभिक निर्मित सोभियत सङ्घको सत्तरी वर्षे शासनकालको अन्त्यमा त्यसका कारण खोज्दा छ वटा ल्याटिन अमेरिकी देशका कम्युनिष्ट पार्टीहरुले जुन निस्कर्ष निकालेका थिए, त्यो ध्यानयोग्य छ । उनीहरुले भनेका थिए, जोसेफ स्टालिनको शासन 'विथ डेमोक्रेसी थिएन, विदाउट डेमोक्रेसी' थियो । त्यसैले त्यो भत्क्यो ।

हामी कहाँका कम्युनिष्ट पार्टीहरुमा समेत डेमोक्रेसीको खोजी हुँदैछ । पार्टीमा आन्तरिक लोकतन्त्र बलियो नहुँदा वाह्य लोकतन्त्र पनि जोखिममा पर्दछ । त्यसो हुँदा शासन गर्ने कलामा पनि ऱ्हास आउँछ । लामो समय यौटै व्यक्तिको नेतृत्वमा रहँदा पार्टीमा आकर्षण रहँदैन । यहाँ चार पाँच दशकदेखि महासचिव वा अध्यक्ष भएका कम्युनिष्ट पार्टीहरु पनि छन् । ती वास्तवमै नेपाली कम्युनिष्ट आन्दोलनका समस्या हुन् । यिनले पार्टीको लोकतान्त्रिकरण हुन दिएका छैनन् ।

नेपालमा कम्युनिष्टको पक्षमा राम्रो जनमत छ भन्ने कुरा जगजाहेर छ । तर दुर्भाग्यपूर्ण कुरा के छ भने आन्दोलनका नेताहरुले त्यस तथ्यलाई आत्मसात गरेका छैनन् । कुनै बहानामा पनि उनीहरु फुट्ने गर्छन् । सहकार्य र मोर्चाका विषयमा पनि उनीहरुमा भ्रामक धारणाहरु छन् । यसो हुनाले उनीहरुले लक्ष्य प्राप्त गर्न सक्तैनन् । धेरैवटा कम्युनिष्ट पार्टी हुनु र खास खास मुद्दामा संगै नउभिनु प्रतिगामीहरुका लागि सुखद अवसर हो । नेपालमा त्यही भइरहेको छ ।

पुँजीवादीहरुले पनि कम्युनिष्ट आन्दोलनबाट सिकेर राज्यलाई लोककल्याणकारी बनाए भने नेपाली कम्युनिष्टहरुले आफ्नै आन्दोलनबाट सिक्दा राम्रो हुने होइन र ? ७५ वर्ष पुग्नै लागेको यस अवसरमा हाल शासनारुढ र शासनबाट बाहिरै रहेर उग्राइरहेका नेपाली कम्युनिष्टलाई बधाई ! (लेखक राससका पूर्व कार्यकारी अध्यक्ष हुनुहुन्छ)

# शिक्षामन्त्रीज्यू, बिरालो कालो हुनुपर्छ कि सेतो ?

डा. अतीन्द्र दाहाल



केही महिनापहिले देशमा अनायसै र अप्रत्याशित हिसाबले सरकार फेरियो । केही विश्लेषकले यसलाई 'सर्जिकल स्ट्राइक' पनि भने । सरकार फेरिए पनि यसको संस्कार फेरिन्छ वा फेरिँदैन भन्ने हेर्न बाँकी छ ।

यद्यपि यतिबेला सबै मन्त्रीले सरकारलाई आम नागरिकको सरकार बनाउन पहल गर्ने भनेका छन् । नयाँ तथा पुराना सबैको हुटहुटी उस्तै देखिन्छ । उनीहरूसँग हुटहुटी मात्र छ कि हिम्मत र हैसियत पनि छ भन्ने आउँदा दिनमा देखिएला ।

केही नयाँ गर्ने भनेर सतही स्टन्टबाजीवाला निर्णयको होडबाजी गर्दै मन्त्रीहरू नागरिक आकर्षण लिन खोजिरहेका देखिन्छन् । यस्तै क्रममा शिक्षा मन्त्रीबाट भएका केही निर्णय अहिले चर्चामा छन् । शिक्षकहरूले राजनीतिक दलको सदस्यता लिन नपाउने र लिएमा स्वतः पेसाबाट बरखास्त गर्ने उनको हठ र दुहाई पनि समाचारको राम्रै विषय बनेको छ ।

नेपालको शिक्षा भयावह र दुर्घटना उन्मुख मोडमा छ । यसको सामान्य उपचार मात्र होइन, सघन शल्यक्रिया नै गर्नुपर्छ । यदाकदा केही शिक्षकले कुनै एक वा अर्को राजनीतिक दलको सदस्यता लिएकै कारणले शिक्षा क्षेत्र बिग्रिएको भने होइन, आम शिक्षकले परिणाम दिन नसकेकाले वा दिनुपर्ने बाध्यता सिर्जना नगरिएकाले बिग्रिएको हो ।

सरकारी शिक्षक तथा कर्मचारी र राजनीतिकर्मीले अनिवार्य सरकारी स्कुलमा मात्र आफ्ना सन्तानलाई अध्ययन गराउनुपर्ने कानुन बनाए स्वतः समस्या समाधान हुन्छ । सबको ध्यान सार्वजनिक शिक्षाको उन्नयनमा एकीकृत हुन्छ । किनकि सन्ततिको भविष्य सपार्न कसैले कुनै कसरत बाँकी राख्दैन ।

नागरिकमा राजनीतिक चेतना र आस्था हुनु अस्वाभाविक होइन । देशको सर्वोच्च कानुनले कतै रोकेको छैन । मौलिक हकको सूचीमा संविधानको धारा ११ मा उल्लिखित 'स्वतन्त्रताको हक'भित्र प्रत्येक नागरिकलाई राजनीतिक दल खोल्न पाउनेसम्म अधिकार दिइएको छ । राजनीतिक दलसम्बन्धी व्यवस्थामा यसको प्रतिकूल हुने गरी कुनै कानुन बनाइनेछैन भनेर उल्लेख छ ।

शिक्षकले विद्यालयमा जाँदा दलको सदस्य भएर जानु भएन, पक्षधरता राख्नु भएन, परिणाम देखिने गरी काम गर्न सक्नुपर्‍यो । विद्यालयको स्तरोन्नति र सफलताका लागि शिक्षकले उच्च योगदान गर्नुपर्‍यो । शोध, अनुसन्धान र नवीनतम तथा नवप्रवर्धनात्मक शिक्षण अभ्यासमा कहलिनुपर्‍यो ।

शिक्षकले पाएको शैक्षिक जिम्मेवारीमा कुनै लापरबाही वा कमजोरी गरेमा कारबाही गर्ने होला ! विद्यालय र शैक्षिक संस्थाभित्र राजनीति गर्न खोज्ने, राजनीतिक गन्ध अथवा प्रभाव देखाउन खोज्नेमाथि निर्ममतापूर्वक कठोर कदम चाल्ने होला ! अपेक्षित मापदण्ड वा सूचकाङ्क पूरा गरी शिक्षकको जिम्मेवारी वहन गरेको छ भने बाँकी समय कानुनले प्रतिबन्धित नगरेको र अनैतिक तथा असमाजिक नहुने विधामा कामै गर्न नपाउने हो र ?

उच्च उपस्थितिसहित कम्तीमा आफूले अध्यापन गरेको विषयमा ८० प्रतिशत विद्यार्थी उत्तीर्ण गराएको, विषय पुस्तक लेखेको, प्रतिवर्ष एकदेखि दुईवटा रिसर्च आर्टिकल प्रकाशन गरेको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यशाला तथा गोष्ठीमा कार्यपत्र प्रस्तुत गरेको आदि आधार हेर्ने कि नहेर्ने ? शिष्य तथा सरोकारवालाहरूको मूल्याङ्कनमा कम्तीमा ८० प्रतिशत प्राप्ताङ्क पाएको, पूर्ण निष्ठा र निष्पक्षताका साथ कार्यसम्पादन गरेको, विषयसँग सम्बन्धित क्षेत्रमा विचारहरू प्रवाह गरेको लगायत अन्य पाठकसामु तथ्यगत अनि सन्तुलित विचारहरूलाई निरन्तर सम्प्रेषण गरेको आदि आधारमा शिक्षकलाई हेरिनुपर्ने होइन र ?

सरकारी शिक्षक तथा कर्मचारी र राजनीतिकर्मीले अनिवार्य सरकारी स्कुलमा मात्र आफ्ना सन्तानलाई अध्ययन गराउनुपर्ने कानुन बनाए स्वतः समस्या समाधान हुन्छ । सबको ध्यान सार्वजनिक शिक्षाको उन्नयनमा एकीकृत हुन्छ । किनकि सन्ततिको भविष्य सपार्न कसैले कुनै कसरत बाँकी राख्दैन ।

थुप्रै शिक्षकले विद्यालय समय अघि वा पछि जजमान गर्ने, चिनाटिपन हेर्ने, धामीझाँक्रीका रूपमा सेवा गर्ने, मेलापात गर्ने, भजन गाउने, लमीका रूपमा सहजीकरण गर्ने, व्यापार व्यवसाय गर्ने लगायत पनि काम गर्छन् । विद्यालयको पाठ्यक्रममा आधारित भई अन्य समयमा पनि ज्ञान दिनु उसको कर्म र धर्म दुवै हो । अब शिक्षकलाई के के गर्न रोक लगाउने, के के काम गर्न प्रेरित गर्ने भन्नेमा बहस आवश्यक छ । विद्यालयभित्र काबिल शिक्षक बन र राजनीतिलाई विद्यालयबाहिर लैजाऊ भन्ने हो कि सदस्यता नलिएरै भए पनि भ्रातृ सङ्गठनका नाममा मनमौजी र उन्मुक्त हिसाबले राजनीति गर्ने प्रवृत्तिलाई आँखा चिम्लिने हो ?

यस्तै सतही अभ्यासले गर्दा 'काम गर वा नगर तर सदस्यता नलेऊ' भन्ने भाष्य बनेको होइन र ? योग्यताको मापन भनेको दलप्रति झुकाव नराख्नु हो कि शिक्षक भएर गर्नुपर्ने सबै शैक्षिक र प्राज्ञिक दायित्व पूरा गर्नु र सक्षमता प्रमाणित गर्नु हो ? पोलिसी इरर अर्थात् नीतिगत गल्ती यहींनेर छ ।

बिरालो कालो अथवा सेतो जे भए पनि हुन्छ, मुसा मार्नुपर्‍यो । मेरो कोट कालो छैन भन्नुको अर्थ सेतो नै छ भन्ने हुँदैन । राजनीतिक दलप्रति झुकाव अथवा सहानुभूति छैन भन्नेबित्तिकै स्वतः उच्च कार्यसम्पादन क्षमता छ भन्ने प्रमाणित हुँदैन । शिक्षामन्त्रीले बिरालोको मूल्याङ्कन उसको रूप अथवा रङबाट गर्न खोज्दै छन्, कार्यसम्पादनबाट होइन । राजनीतिमा 'पपुलर च्वाइस' नै 'र्‍यासनल च्वाइस' हुँदैन । अहिले भएका शिक्षक र कर्मचारीमा देखिने गरी राजनीतिक दलको सदस्यता त छैन तर कार्यसम्पादन र परिणाम कस्तो छ, कसैलाई दुविधा छ र ?

अपेक्षित मापदण्ड वा सूचकाङ्क पूरा गरी शिक्षकको जिम्मेवारी वहन गरेको छ भने बाँकी समय कानुनले प्रतिबन्धित नगरेको र अनैतिक तथा असमाजिक नहुने विधामा कामै गर्न नपाउने हो र ?

मानवको बहुकार्य क्षमता अर्थात् मल्टी टास्किङलाई धन्यवाद भन्नुपर्छ । समय अनुसार फरक भूमिका हुन सक्छ । एउटाले अर्कोलाई नकारात्मक प्रभाव पार्नु हुँदैन, कुनै भूमिका कमजोर हुनुहुँदैन । मानिस कविता लेख्दा कवि हो, हलो जोत्दा हली हो । कविता लेख्दै हलो जोतेमा वा हलो जोत्दै कविता लेखेमा दुवैतिर बिग्रन्छ । अहिले भएको पनि यही हो । कर्मचारी र शिक्षक विद्यालय अथवा अफिसमा पनि राजनीतिक दलको सदस्य भएर पुग्छन् । त्यहाँ जाँदा विशुद्ध र निष्ठावान् शिक्षक र कर्मचारी भएर पुग्नुपर्‍यो । आफ्नो जिम्मेवारीमाथि दत्तचित्त रहनुपर्‍यो । राजनीतिक दलको सदस्यता लिओस् वा नलिओस् तर विद्यालयभित्र राजनीति नगर्ने र नसहने अनिवार्य हुनुपर्‍यो । विद्यालयमा रहँदा अब्बल, उदाहरणीय र काबिल शिक्षक बन्नुपर्‍यो । नियमित अध्ययन, अनुसन्धान, प्रकाशन, तालिम, गोष्ठी, लेखन लगायत शैक्षिक र प्राज्ञिक चरित्र एवं आचरण स्थापित गरेको देखिनुपर्‍यो ।

शैक्षिक गतिविधि तथा प्राज्ञिक कार्यमा अब्बलता प्रमाणित गर्न सकेकाहरूले अलिकति समय अन्यन्त्र पनि समर्पण गर्न चाहेमा यसलाई अछूत बनाउने सोच पूर्वाग्रही हुन्छ । यसले नयाँ भनिएका दल र नेतृत्वको समेत अवधारणा पुरातनपन्थी नै भएको ठर्हछ । असल र क्षमतावान् शिक्षकको मापन तयार होस्, यसका सूचाङ्क बनोस् । त्यस्तो हुन नसकेमा वा नखोजेमा कारबाही गरियोस् । तर असल र काबिल शिक्षकका मापदण्ड पूरा गरेमा अतिरिक्त समयको कुनै अन्य अनुबन्धनलाई अछुतो प्रमाणित नगरियोस् ।

माथि व्याख्या गरिएका शैक्षिक र प्राज्ञिक सूचाङ्कमा अब्बल ठहरिएका शिक्षक मात्र राजनीतिक दलको सदस्यता लिन योग्य हुने भन्ने अभ्यास विकास होस् । शिक्षामन्त्रीज्यू ! बिरालो कालो छ कि सेतो नहेरियोस्, मुसा मार्‍यो कि मारेन हेरियोस् । मूल्याङ्कन परिणाममा आधारित होस्, आवरणमा होइन ।रातोपाटी

# मन्त्रिपरिषद् बैठकद्वारा नेपाल सरकार र कतार सरकारबीच हुने विभिन्न समझदारीपत्रहरु स्वीकृत



काठमाण्डु । सरकारले अर्थमन्त्रालयको प्रस्तावमा कोशी प्रदेशमा पदमार्गमा आधारित पर्यटन विकास परियोजना कार्यान्वयनका लागि स्विस सरकारबाट प्राप्त हुने ९० लाख १० हजार स्विस फ्र्याङ्क र कोरिया अन्तर्राष्ट्रिय सहयोग निकाय (कोइका) बाट पोखरा महानगरपालिकाका लागि अमेरिकी डलर ९८ लाख बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मन्त्रिपरिषद्को सोमबारको बैठकले सो निर्णय गरेको जानकारी दिनुभयो । बैठकले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्तावमा २०८१ वैशाख १५ र १६ गते काठमाडौँमा आयोजना हुने नेपाल चीनको तिब्बत व्यापार सहजीकरण समितिको १२औँ बैठकको पूर्वकार्यसूची स्वीकृत गर्ने र उक्त बैठकमा सहभागी हुन मन्त्रालय सहसचिवको संयोजकत्व वार्ताटोली गठन गर्ने निर्णय गरेको उहाँले बताउनुभयो ।

गृह मन्त्रालयको प्रस्तावमा विपद् बाट क्षति भएका तथा जोखिममा रहेका निजी आवास प्रबलीकरण, पुनर्स्थापना तथा पुनर्निर्माण गर्न तीन तहका सरकारको सहलगानी हुनसक्ने गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली संशोधन गर्ने निर्णय बैठकले गरेको सरकारको प्रवक्ता शर्माले जानकारी दिनुभयो।

नेपाल सरकार र कतार सरकारबीच हुने विभिन्न समझदारीपत्रहरु स्वीकृत गर्ने र समकक्षीलाई हस्ताक्षर गर्न स्वीकृत दिने निर्णय पनि मन्त्रिपरिषद् बैठकले गरेको छ । लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको उहाँले बताउनुभयो ।त्यसैगरी, सचिव मधुकुमार मरासिनीलाई अर्थ मन्त्रालयको सचिवमा र डा कृष्णहरि पुष्करलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवका रुपमा जिम्मेवारी तोक्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ।

> राष्ट्रपति रामचन्द्र पौडेलको निमन्त्रणामा मित्रराष्ट्र कतारका अमिर शेख तमिम बिन हमाद अल थानी यही वैशाख ११ र १२ गते नेपालको राजकीय भ्रमणका क्रममा २०८१ वैशाख ११ गते मंगलबार देशभर सार्वजनिक बिदा दिने निर्णय पनि बैठकले गरेको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलको निमन्त्रणामा मित्रराष्ट्र कतारका अमिर शेख तमिम बिन हमाद अल थानी यही वैशाख ११ र १२ गते नेपालको राजकीय भ्रमणका क्रममा २०८१ वैशाख ११ गते मङ्गलबार देशभर सार्वजनिक बिदा दिने निर्णय पनि बैठकले गरेको छ ।यही वैशाख ६ गतेको मन्त्रिपरिषद्का बैठकका निर्णयहरु पनि प्रवक्ता शर्माले आजै सार्वजनिक गर्नुभएको छ।

उक्त बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा २०८१ साल वैशाख १० देखि १२ गतेसम्म थाइल्यान्डको बैङ्ककमा आयोजना हुने फुड लेबलिङ वर्कशपमा भाग लिन राष्ट्रिय योजना आयोगका सदस्य प्राध्यापक शिवराज अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय भएको छ । त्यसैगरी, २०८१ वैशाख १० देखि १४ गतेसम्म थाइल्यान्डको बैङ्ककमा आयोजना हुने एसिया तथा प्यासिफिक क्षेत्रको आर्थिक तथा सामाजिक सहकार्यसम्बन्धी कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा रमेशचन्द्र पौडेललाई सहभागी हुने स्वीकृत प्रदान गर्ने निर्णय गरेको थियो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्तावमा आगामी जेठ १५ देखि १७ गतेसम्म मलेसियाको क्वालालम्पुरमा आयोजना हुने कार्यक्रममा सहभागी हुने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवलाई स्वीकृति बैठकले दिएको प्रवक्ता शर्माले जानकारी दिनुभयो ।नेपाल आयल निगमको कार्यकारी निर्देशकको मासिक तलब र अन्य सुविधा तोक्ने, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको प्रस्तावमा सिँचाइको विकास तथा व्यवस्थापन गर्ने र नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृत दिने निर्णय बैठकले गरेको उहाँले बताउनुभयो ।

प्रवक्ता शर्माले आगामी जेठ १४ देखि १७ गतेसम्म आयोजना हुने सानाटापु विकासशील राष्ट्रको सम्मेलनमा परराष्ट्र मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृत प्रदान गर्ने तथा नेपाल-बङ्गलादेश द्विपक्षीय परामर्श संयन्त्रको तेस्रो बैठकको कार्यसूची स्वीकृत गर्ने र उक्त बैठकमा भाग लिन परराष्ट्र मन्त्रालयका सचिव नेतृत्वको नेपाली प्रतिनिधिमण्डल गठन गर्ने बैठकले निर्णय गरेको जानकारी दिनुभयो। कतारका अमिर शेख तमिम बिन हमाद अल थानीको नेपालको राजकीय भ्रमण कार्यक्रम स्वीकृत गर्ने र कतारी पक्षसँग हुने वार्ताको नेतृत्व प्रधानमन्त्रीले गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको थियो।

नेपाल र कतारबीच युवा तथा खेलकुद क्षेत्रमा सहकार्यसम्बन्धी समझदारीपत्र र शिक्षा तथा वैज्ञानिक अनुसन्धानका क्षेत्रमा हुने सहकार्यसम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने निर्णय बैठकले गरेको प्रवक्ता शर्माले जानकारी दिनुभयो। शनिबारबाहेक अन्य सार्वजनिक बिदाका दिनमा समेत गोश्वारा हुलाक कार्यालय, हुलाक निर्देशनालय र जिल्ला हुलाक कार्यालयहरु सञ्चालन हुने, उपमहालेखापरीक्षक पदमा नायब महालेखापरीक्षक बैकुण्ठबहादुर अधिकारीलाई बढुवा गर्ने र राष्ट्रिय मानव अधिकार आयोगको सचिवमा मुरारीप्रसाद खरेललाई नियुक्त गर्ने निर्णय बैठकले गरेको उहाँले बताउनुभयो ।रासस

# कतारका अमिरको नेपाल भ्रमणमा जलविद्युत् र पर्यटनमा लगानीका लागि आग्रह गरौँ: अध्यक्ष भट्ट




काठमाण्डु। कतारका अमिर शेख तमिम बिन हमाद अल थानी दुई दिने भ्रमणका लागि मङ्गलबार नेपाल आउँदै हुनुहुन्छ । पहिलोपटक कतारका अमिर नेपाल भ्रमणमा आउन लाग्नुभएको हो । राष्ट्रपति रामचन्द्र पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा हुन लागेको कतारी अमिरको भ्रमणले दुई देशबीचको सम्बन्ध थप उचाइमा पुग्ने विश्वास पनि लिइएको छ ।भ्रमणका क्रममा केही महत्वपूर्ण विषयमा द्विपक्षीय समझदारीसमेत हुने बताइएको छ। सरकारले कतारका अमिरको नेपाल भ्रमणका क्रममा मङ्गलबार सार्वजनिक बिदासमेत दिएको छ । कतारी अमिरको भ्रमणलाई देशभित्र र बाहिरसमेत असाध्यै महत्वका साथ लिइएको छ।

पछिल्लो समय नेपालीको श्रम गन्तव्यका रुपमा परिचित कतारले भौतिक पूर्वाधार, सूचना प्रविधि, नागरिक उड्डयनका क्षेत्रमा गरेको प्रगतिबाट नेपालले पनि लाभ लिनसक्ने बताइएको छ । कतारले नेपालको ऊर्जा क्षेत्र त्यसमा पनि स्वच्छ ऊर्जामा लगानीका लागि इच्छा व्यक्त गरेको छ। त्यसलाई पनि कतारका अमिरको भ्रमणका क्रममा सरकारकोतर्फबाट विशेष आग्रह गर्नुपर्ने माग पनि उठेको छ।

गैरआवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष रमेश भट्ट कतार नेपालको भरपर्दो मित्र भएकाले पनि अमिरको भ्रमणले दुई देशबीचको सम्बन्ध नयाँ उचाइमा पुग्नेमा विश्वास गर्नुहुन्छ । रासससँगको कुराकानीका क्रममा अध्यक्ष भट्टले भन्नुभयो, "विगतदेखि नै नेपाललाई खुला हृदयका साथ सहयोग गर्दै आएको कतार पछिल्ला दिनमा विकास र प्रविधिको केन्द्रका रुपमा विकास भएको छ। यसबाट नेपालले लाभ लिनुपर्छ।"

उहाँका अनुसार वैधानिक तवरबाट कतारमा काम गर्न गएका नेपालीको सङ्ख्या तीन लाख ६४ हजार छ। यस्तै पर्यटक र विद्यार्थी प्रवेशाज्ञामा गएका नेपालीको सङ्ख्या पनि उल्लेख्य छ । एनआरएनका तर्फबाट कतारका अमिरलाई हृदयदेखि नै स्वागत गरिने र नेपालको समृद्धिको साझेदार बन्नसमेत आग्रह गरिने जानकारी दिँदै अध्यक्ष भट्टले फिफा विश्वकपको सफलताका लागि नेपाली समुदायले खेलेको भूमिकालाई त्यहाँको सरकारले आत्मसात् गरेको बताउनुभयो । "नेपाली नागरिकलाई कतारले रोजगारीको अवसर प्रदान गरेको छ। नेपालीले श्रम र पसिना पनि बगाएका छन् । त्यसका आधारमा कतारले नेपालका केही महत्वपूर्ण परियोजनामा लगानी गरिदेओस् भन्ने मेरो पनि अपेक्षा छ", अध्यक्ष भट्टले भन्नुभयो।

यस्तै पर्यटन, शिक्षा तथा सूचना प्रविधिका क्षेत्रमा पनि कतारले मौलिक प्रगति गरेको छ। नागरिक उड्डयनका क्षेत्रमा कतार एयरलाइन्सको आफ्नै विशेष पहिचान बनाएको छ। नेपाल र कतारबीच १९७७ जनवरी २१ मा कूटनीतिक सम्बन्ध स्थापना भएको हो। कतारसँगको कूटनीतिक सम्बन्ध स्थापना भएको २० वर्षपछि सन् १९९८ मा नेपालका तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले कतारको भ्रमण गर्नुभएको थियो। अमिरको उपाधि प्राप्त गर्नुभएका अल थानीको नेपाल भ्रमण आफैँमा महत्वपूर्ण र विशिष्ट भएकाले पनि यसबाट लाभ लिन सकिने अध्यक्ष भट्टको भनाइ छ।

कतारकातर्फबाट भने द्विपक्षीय सम्बन्ध कायम भएको ४५ वर्षपछि राष्ट्रप्रमुखको नेपाल भ्रमण हुन लागेको हो । नेपाली नागरिकका लागि सहज वैदेशिक रोजगारीको गन्तव्यका रुपमा कतार स्थापित भएका सन्दर्भमा नेपाल र कतारबीच समयानुकूल श्रम सम्झौता भए थप सहज हुने उहाँको भनाइ छ । नेपालले वार्षिकरुपमा प्राप्त गर्दै आएको विप्रेषणको ठूलो हिस्सा समेत कतारबाट प्राप्त गर्दै आएको छ । नेपालीको सुरक्षित रोजगारीका लागि नेपाल सरकारको आग्रहमा कतार सरकारले महत्वपूर्ण सम्बोधन गरेको जानकारी दिँदै केहीले गरेको कमजोरीलाई आम रुपमा लिन नहुने अध्यक्ष भट्टको भनाइ छ।

कतारको विकासमा नेपालीले पुऱ्याएको योगदानको सम्मान हुनेगरी त्यहाँ श्रम गरिरहेका नेपालीलाई मर्यादित कामको सुनिश्चितता तथा श्रमिकले पाइरहेका झन्झटलाई अन्त्य गर्ने विषयलाई नेपालले प्राथमिकताका साथ उठाउने र अमिरको भ्रमणका क्रममा त्यस विषयले प्राथमिकता पाउने अध्यक्ष भट्टले स्पष्ट पार्नुभयो ।पछिल्ला दिनमा कतार समन्वय र विवाद समाधान गर्ने केन्द्रका रुपमा स्थापित भएको छ । नेपालले पनि मौलिक प्रकारको शान्ति प्रक्रियाको कामलाई अगाडि बढाएको छ । त्यसका अलावा कतार पछिल्लो समय पश्चिम एसियाको महत्वपूर्ण शक्ति राष्ट्रका रूपमा स्थापित भएको छ।

नेपालबाट सन् २०१८ अक्टोबर ३० देखि नोभेम्बर २ सम्म तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले कतारको राजकीय भ्रमण गर्नुभएको थियो । त्यसअघि सन् २०११ अक्टोबर १० मा तत्कालीन राष्ट्रपति रामवरण यादव, सन् २०१९ अप्रिलमा तत्कालीन सभामुख कृष्णबहादुर महराले कतारको भ्रमण गर्नुभएको थियो ।एनआरएनएका संस्थापक मध्येका एक आरके शर्माका अनुसार वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सन् २०१४ मा अनौपचारिकरुपमा कतारको भ्रमण गर्नुभएको थियो । सोही भ्रमणका क्रममा उहाँले कतारकातर्फबाट नेपालमा उच्चस्तरीय भ्रमण होस् भन्ने कामना गर्नुभएको शर्माको भनाइ छ।

भौतिक पूर्वाधारको विकासमा कतार सरकारले गरेको लोभलाग्दो प्रगतिबाट लाभ लिन नेपाल चुक्न नहुने उल्लेख गर्दै अध्यक्ष भट्टले भन्नुभयो, "नेपालीलाई कतार सरकार र कतारी नागरिकले इमान्दार भनेर चिनेका छन्। यही मूल्यका आधारमा एनआरएनएलगायतका संस्थालाई पनि सामाजिक संस्थाका रुपमा मान्यता दिएका छन् ।" नेपालीको उपस्थिति बढ्दै जाँदा नेपाली पाठशालाको माग पनि कतारमा उठेको छ । यस विषयमा पनि अमिरको भ्रमणका क्रममा सम्बोधन भइदिए धेरैले लाभ हासिल गर्ने अध्यक्ष भट्टको कथन छ।

कतारलगायतका देशका नागरिकलाई नेपाल भ्रमणका लागि अभिप्रेरित गर्न सकिए त्यसबाट ठूलो लाभ हासिल हुने विश्वास लिइएको छ । यस्तै अर्गानिक कृषिउपजको ठूलो बजार कतार हुनसक्छ। हिमाली क्षेत्रको पानी प्रशोधन गरेर कतारका बिक्रीवितरण गर्न सकिने सम्भावना पनि उत्तिकै रहेको जानकारी दिँदै अध्यक्ष भट्टले नेपालकोतर्फबाट आवश्यक पहल भए त्यसका लागि सहजीकरण गर्न एनआरएनए तयार रहेको बताउनुभयो।

कतारका रहेका नेपालीकातर्फबाट अमिरको नेपाल भ्रमणको सफल होस् भन्ने कामना गरेको उल्लेख गर्दै अध्यक्ष भट्टले भन्नुभयो, "नेपालीको पसिनाले जसरी कतार समृद्ध बनेको छ। त्यसैगरी नेपालको विकास र समृद्धिका लागि पनि कतारकातर्फबाट महत्वपूर्ण सहयोग होओस् भन्ने कामना छ।"आफूहरुले कतारको निजी क्षेत्रसँग मिलेर पनि काम गर्नसक्ने जानकारी दिँदै अध्यक्ष भट्ट अमिरको भ्रमणपछि केही महत्वपूर्ण कामले गति लिने विश्वास व्यक्त गर्नुभयो।

परराष्ट्र मन्त्रालयका अनुसार राष्ट्रपति रामचन्द्र पौडेल र कतारका अमिरबीच शीतल निवासमा भेटवार्ताको कार्यक्रम तय भएको छ । यस्तै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग पनि द्विपक्षीय भेटवार्ता गरी केही महत्वपूर्ण सम्झौता एवं समझदारीमा हस्ताक्षर हुने कार्यक्रम तय भएको छ। अमिरको भ्रमणले दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने र जनस्तरमा विकास हुने थप वातावरण बनाउने विश्वास लिइएको छ ।रासस

# राजनीतिक दलले आफ्ना नीति तथा आदर्शको समीक्षा गर्नुपर्छ : पूर्वराष्ट्रपति भण्डारी



काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले सबै राजनीतिक दलले आ-आफ्नो पार्टीले लिएको नीति तथा आदर्शमा विचलन आएको छ कि छैन भनेर समीक्षा गर्नुपर्ने बताउनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) स्थापनाको भएको सोमबार ७५ वर्ष पूरा भएको अवसरमा आयोजित हीरक महोत्सवमा उहाँले राजनीतिक दलहरुले लिएको नीति तथा आदर्शमा विचलन आएको वा नआएको बारे बेलाबेला समीक्षा गर्दै अगाडि बढ्नुपर्छ भन्नुभयो । "नेपाली कम्युनिष्ट आन्दोलनले आफ्नो हीरक जयन्ती मनाइरहँदा यस आन्दोलनको गहन समीक्षासमेत गरिनु पर्दछ भन्ने मलाई लागेको छ, सँगै स्थापना भएका अरू देशका कम्युनिष्ट पार्टीले किन के कति सफलता हासिल गरे र के कस्ता विफलता व्यहोर्नु पऱ्यो," पूर्वराष्ट्रपति भण्डारीले भन्नुभयो, "नेपाली कम्युनिष्ट आन्दोलनमा पटकपटक देखिने गरेको फुट र विभाजन साँच्चै सिद्धान्त, विचार र राजनीतिक कारणले भएको हो कि पदीय आकाङ्क्षा, अवसरवाद र भड्काव हाबी हुँदा भएको हो भन्नेजस्ता विषयमा समीक्षा गरी ठोस निष्कर्ष निकाल्नुपर्छ।"

नेपाल कम्युनिष्ट पार्टी स्थापना भएको पचहत्तर वर्ष पुगेको ऐतिहासिक अवसर पारेर यो विशेष समारोह आयोजना गरेकोमा नेकपा (एमाले) लाई धन्यवाद दिँदै उहाँले यस कार्यक्रमको पूर्ण सफलताको कामना गर्नुभयो। उहाँले भन्नुभयो "यस अवसरमा, म नेपालको कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलनमा सहभागी हुँदा आफ्नो जीवन उत्सर्ग गर्ने सबै ज्ञात-अज्ञात सहिदहरूप्रति श्रद्धासुमन अर्पण गर्दछु।"विसं २००६ मा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीले बितेका साढे सात दशकमा जहानियाँ राणा शासनको अन्त्य गर्न, निरङ्कुश निर्दलीय पञ्चायती व्यवस्था समाप्त पारी बहुदलीय व्यवस्था बहाली गर्न र लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न ऐतिहासिक भूमिका निर्वाह गरेको उहाँको भनाइ थियो।

"नेपाली कम्युनिष्ट आन्दोलनले मुलुकको स्वाधीनता र सार्वभौमसत्ताको रक्षा गर्न, राष्ट्रिय स्वाभिमान प्रवर्द्धन गर्न, देश प्रेमको भावना जागृत गर्न तथा राष्ट्रियताको संवर्द्धन गर्न महत्वपूर्ण दायित्व बहन गर्दै आएको छ," उहाँले भन्नुभयो, "यसले जनताको जनजीविका, सामाजिक न्याय र समतामूलक समाज निर्माणका लागि सशक्त आवाज उठाएको छ र आफूले सरकार सञ्चालन गरेका बेला तथा संयुक्त सरकारमा सहभागी बनेका बेला राष्ट्र र जनताका जल्दाबल्दा यी विषयहरूलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्दै आएको छ, यसबाट कम्युनिष्ट आन्दोलनप्रति नेपाली जनताको आशा र भरोसा बढेको छ ।"पूर्वराष्ट्रपति भण्डारीले मुलुकमा उपलब्ध प्राकृतिक स्रोत, सांस्कृतिक सम्पदा तथा जनताको श्रम, सीप र प्रतिभाको सदुपयोगमार्फत स्वदेशी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै स्वाधीन, आत्मनिर्भर र सुदृढ राष्ट्रिय अर्थतन्त्र निर्माण गर्नुपर्ने र यसरी मात्र देशलाई समृद्ध र जनतालाई सुखी बनाउने उहाँको भनाइ थियो।

"राजनीतिक दलहरूले साझा दृष्टिकोण बनाएर अगाडि बढ्ने उच्चस्तरको राजनीतिक संस्कृतिको विकास गर्नै पर्दछ," पूर्वराष्ट्रपति भण्डारीले थप्नुभयो, "अन्यथा प्राप्त भएको राजनीतिक उपलब्धिबाट देश र जनता लाभान्वित नहुने मात्र होइन लोकतान्त्रिक राजनीतिक प्रणालीले समेत आलोचनाको भागिदार बन्नुपर्दछ, त्यसैले राजनीतिक दलहरूले यस विषयमा समेत बेलैमा ध्यान दिनुपर्दछ।"नेपालका निकट छिमेकी मित्रराष्ट्रहरू भारत र चीनले अभूतपूर्व सामाजिक आर्थिक विकास गरिरहेको हुँदा दुई मुलुकसँगको सुमधुर सम्बन्धलाई थप सुदृढ तुल्याएर पारस्परिक लाभलाई दृष्टिगत गर्दै विकासका निम्ति साझेदारी गर्नुपर्ने उहाँको भनाइ थियो।

"मित्रराष्ट्रहरू र विकासका साझेदार अन्तर्राष्ट्रिय संस्थासँगको सम्बन्धलाई समेत थप कसिलो बनाएर आपसी हितका निम्ति अग्रसर बन्नुपर्दछ," उहाँले भन्नुभयो, "परराष्ट्र तथा विदेश सम्बन्ध, जलवायु सङ्कट, अन्तर्राष्ट्रिय सीमा सुरक्षा, सार्वजनिक स्वास्थ्य, गुणस्तरीय शिक्षा, रोजगारी प्रवर्द्धनजस्ता विषयमा साझा धारणा बनाएर देशका राजनीतिक दलहरू तिनको कार्यान्वयन गर्न अग्रसर हुनु पर्दछ।"

उहाँले खुल्ला सीमाले राष्ट्रिय सुरक्षा, भौगोलिक अखण्डता र सार्वभौमिकताका विषयमा पार्नसक्ने प्रतिकूल प्रभावका बारेमा सम्पूर्ण राजनीतिक दलहरूले सजगता अपनाउनुपर्ने आवश्यकता समेत औँल्याउनुभएको थियो ।पार्टीले आफूलाई 'गणतन्त्र गौरव सम्मान' अर्पण गरेकामा धन्यवाद दिँदै पूर्वराष्ट्रपति भण्डारीले यो सम्मान मलाई व्यक्तिगत रूपमा गरिएको जस्तो देखिए पनि वास्तवमा यो लोकतान्त्रिक गणतन्त्रप्रतिको उच्च आस्था, विश्वास र सम्मानको प्रतीक भएको र थप जिम्मेवारी बोध भएको महसुस बताउनुभयो ।रासस

# ओलीद्वारा समृद्ध नेपाल सुखी नेपालीको सङ्कल्पलाई साकार तुल्याउन अनुरोध



काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले समृद्ध नेपाल सुखी नेपालीको सङ्कल्पलाई साकार तुल्याउने अभियानमा साथ दिन सबैसँग अनुरोध गर्नुभएको छ। एमालेद्वारा सोमबार आयोजित नेपाल कम्युनिष्ट पार्टी स्थापनाको हीरक महोत्सव समारोहमा उहाँले नेपाल र नेपालीको पक्षमा ल्याइएको सङ्कल्पलाई परिणाममुखी बनाउन मुलुकका जिम्मेवारी सबै पक्षको साथ-सहयोग आवश्यक हुने बताउनुभयो।

देशका पूर्वप्रधानमन्त्री एवं प्रमुख राजनीतिक पार्टीका नेताहरूको सहभागिता रहेको हीरक महोत्सव समारोहमा अध्यक्ष ओलीले राष्ट्रिय एकता, लोकतन्त्र, समुन्नत नेपालको पक्षमा सिङ्गो देश एक हुनुपर्नेमा धारणा व्यक्त गर्नुभयो। उहाँले मुलुकमा लोकतन्त्र ल्याउन एमालेको नेतृत्वदायी भूमिका रहेको स्मरण गर्दै जेलनेलसहित ठूलो त्याग र सङ्घर्षबाट प्राप्त लोकतन्त्रलाई अझ सुदृढ, संस्थागत र जनमुखी बनाउन एमाले प्रतिबद्ध छ भन्नुभयो । उहाँले नेपालमा राणा शासनको अन्त्य, पञ्चायती व्यवस्थाको अन्त्यसहित बहुदलीय प्रजातन्त्रको स्थापना र राजतन्त्र अन्त्य गरी गणतन्त्र स्थापनाका क्रममा भएका आन्दोलनमा नेकपा (एमाले) को भूमिका महत्वपूर्ण रहेको बताउनुभयो।

आफ्नो स्थापना कालदेखि सदैव नेपाल र नेपाली जनताको पक्षमा निर्णय गरेको नेपाल कम्युनिष्ट पार्टीको ७५ वर्षको इतिहास गौरव गर्न लायक रहेको उल्लेख गर्दै अध्यक्ष ओलीले अबको कम्युनिष्ट आन्दोलन समृद्ध नेपालसहित सुखी नेपालीको सङ्कल्पसहित समाजवादको दिशामा अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

देशका प्रमुख वामपन्थी शक्तिबीचको एकता र ध्रुवीकरण देश र जनताका पक्षमा हुनुपर्नेमा जोड दिँदै अध्यक्ष ओलीले हतार नगरी यसअघिको अनुभवलाई दृष्टिगत गरी सहकार्य र विश्वासका आधारमा कम्युनिष्ट घटकबीच एकता हुँदा राम्रो हुने बताउनुभयो । अध्यक्ष ओलीले राष्ट्रियता, भौगोलिक अखण्डता, स्वाधिनता, विकास निर्माण, सुशासन, भूमिहीन सुकुम्वासी समस्या समाधान, भ्रष्टाचार अन्त्यसहित समुन्नत नेपालका पक्षमा नयाँ राजनीतिक समीकरणको सरकार गठन भएको स्पष्ट गर्नुभयो।

हीरक समारोहमा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्रीद्वय झलनाथ खनाल र बाबुराम भट्टराई तथा मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष तथा उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवलगायतका नेतागणको उपस्थिति थियो ।रासस

# उत्तर कोरियाद्वारा ब्यालेस्टिक मिसाइल प्रक्षेपण

**एएफपी**

सोल । उत्तर कोरियाले दक्षिण कोरियाको पूर्वी तटनजिकै समुद्रमा एउटा अज्ञात ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरेको सोलको सेनाले सोमबार बताएको छ। उक्त मिसाइल प्योङ्याङले यस वर्ष परीक्षण गरेको शृङ्खलामा पछिल्लो हो। दक्षिण कोरियाका ज्वाइन्ट चिफ अफ स्टाफले जापान सागर पनि भनिने जल क्षेत्रको नाम लिँदै भन्नुभयो, “उत्तर कोरियाले पूर्वी सागरमा अज्ञात मिसाइल प्रक्षेपण गरेको छ।”



टोक्योले पनि प्रक्षेपणको पुष्टि गरेको छ। जापानी रक्षा मन्त्रालयले सामाजिक सञ्जाल एक्समा भनेको छ, “उत्तर कोरियाबाट संदिग्ध ब्यालेस्टिक मिसाइल प्रक्षेपण भएको थियो।” जापानको तटरक्षकले मन्त्रालयलाई उद्धृत गर्दै प्रारम्भिक घोषणाको लगत्तै उक्त मिसाइल पहिल्यै खसेको देखिएको बताएको थियो। सार्वजनिक प्रसारक एनएचकेलगायत जापानी सञ्चार माध्यमले अज्ञात सरकारी स्रोतहरूलाई उद्धृत गर्दै संदिग्ध मिसाइल जापानको विशेष आर्थिक क्षेत्रबाहिर खसेको बताएका छन्।

सोलस्थित विशेषज्ञ साइट एनके न्युजले भनेको छ, “छोटो उडान समय, सम्भवतः १० मिनेटभन्दा कम, छोटो दूरीको ब्यालेस्टिक मिसाइल (एसआरबिएम) वा छ सय मिमी मल्टिपल लन्च रकेट सिस्टम (एमएलआरएस) को प्रक्षेपण भएको सङ्केत गर्दछ।”गत महिना रुसले आणविक हतियार सम्पन्न मुलुक उत्तर कोरियाविरुद्ध संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धको अनुगमनलाई खारेज गरेपछि पछिल्लो प्रक्षेपण भएको हो। प्योङ्याङको सहयोगी मस्कोले आफ्नो आणविक र हतियार कार्यक्रमका लागि किम जोङ उनको सरकारमाथि लगाइएको प्रतिबन्धको उल्लङ्घनको राष्ट्रसङ्घीय अनुगमनलाई प्रभावकारीरूपमा अन्त्य गर्न मार्चमा राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा भिटो प्रयोग गरेको थियो।

उत्तर कोरियाले रणनीतिक क्रुज मिसाइलका लागि डिजाइन गरिएको ‘सुपर-लार्ज वारहेड’ को शुक्रबार परीक्षण गरेको राज्य मिडियाले बताएको छ। सोलको सेनाले उसले करिब सोही समयमा क्रुज मिसाइल प्रक्षेपण भएको पत्ता लगाएको पुष्टि गरेको छ। आफ्नो ब्यालेस्टिक समकक्षीहरूको विपरीत उत्तर कोरियामाथि हालको राष्ट्रसङ्घीय प्रतिबन्धअन्तर्गत क्रुज मिसाइलको परीक्षण प्रतिबन्धित छैनन्। क्रुज मिसाइलहरू जेटद्वारा सञ्चालित हुन्छन् र अधिक परिष्कृत ब्यालेस्टिक मिसाइलहरूको तुलनामा कम उचाइमा उड्छन्। यसबाट तिनीहरूलाई पत्ता लगाउन र रोक्न कठिन हुन्छ।

उत्तर कोरियाले युक्रेनमा प्रयोग गर्नका लागि रुसमा पठाउनुअघि क्रुज मिसाइलहरूको परीक्षण गर्न सक्ने विश्लेषकहरूले चेतावनी दिएका छन्। उत्तर कोरियाली नेता किमले राष्ट्रसङ्घले प्रतिबन्ध लगाए पनि मस्कोमा हतियार पठाइरहेको वासिङ्टन र सोलको दाबी छ। प्योङ्याङले युक्रेनमा प्रयोग गर्नका लागि हतियारले भरिएका करिब सात हजार कन्टेनर मस्कोमा पठाएको सोलले दाबी गरेको छ।

धेरै हदसम्म एक्लो परेको उत्तर कोरियाले हालै मस्कोसँगको सैन्य सम्बन्धलाई बलियो बनाएको छ। साथै उसले यसै महिना आफूविरुद्धको अन्तर्राष्ट्रिय प्रतिबन्धको अनुगमन गर्ने संयुक्त राष्ट्र विशेषज्ञहरूको एउटा प्यानलको नवीकरणलाई रोक्नका लागि भिटो प्रयोग गरेकामा रुसलाई धन्यवाद दिएको छ।उत्तर कोरियाले परीक्षणमा पनि तीव्रता दिएको छ। उसले अप्रिलको प्रारम्भमा नयाँ मध्यमदेखि लामो दूरीको ठोस इन्धन हाइपरसोनिक मिसाइलको परीक्षण गरेको दाबी गरेको छ।

यसै वर्ष प्योङ्याङले दक्षिण कोरियालाई आफ्नो ‘प्रमुख शत्रु’ घोषणा गरेको छ। पुनरमिलन र पहुँचका लागि समर्पित एजेन्सीहरूलाई अलग गरेको छ र ‘शून्य दशमलव ००१ मिमी’ क्षेत्रीय उल्लङ्घनमा समेत युद्धको धम्की दिएको छ। गत वर्ष उत्तर कोरियाले सन् २००६ देखि लागु राष्ट्रसङ्घीय प्रतिबन्धलाई बेवास्ता गर्दै तथा वासिङ्टन र सोलको चेतावनी भए पनि रेकर्ड सङ्ख्यामा मिसाइल परीक्षण गरेको थियो। प्योङ्याङले सन् २०२२ मा आफैँलाई ‘अपरिवर्तनीय’ आणविक हतियार सम्पन्न मुलुक घोषणा गरेको छ।

# सूर्य नेपाल काठमाडौं ओपन

**टुडे समाचारदाता**

काठमाण्डु । सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको सातौं प्रतियोगिता, सूर्य नेपाल काठमाडौं ओपन मंगलबारदेखि रोयल नेपाल गल्फ क्लबमा सुरू हुँदैछ।




७२ होलको चार दिने प्रतियोगिता शुक्रबारसम्म चल्नेछ। उपाधिको लागि ३२ प्रोफेसनल र ८ एमेच्योर गरी कुल ४० गल्फरहरूले दाबेदारी प्रस्तुत गर्नेछन्। सहभागी गल्फरहरू मध्ये सुबाश तामाङको लागि भने यो प्रतियोगिता विशेष रहनेछ। उनले यो टुर धेरै पटक खेलेका छन। प्रोहरूलाई माथ दिएर उपाधि पनि जितेका छन। तर प्रोफेसनल खेलाडी भएपछि नेपालमा उनले खेल्न लागेको यो पहिलो पटक हो।

भारतीय गल्फ टुरमा प्रोफेसनल प्रतियोगिताहरू भने उनले खेलिसकेका छन। यो पटक उनी प्रमुख दाबेदारको रूपमा रहनेछन। नेपालका उनी सर्वाधिक सफल एमेच्योर गल्फर हुन र उनको घरेलु टुरमा प्रोफेसनल करियरको सुरूवात भोलिदेखि सुरू हुँदैछ। उनलाई एमेच्योर गल्फर सदभाव आचार्यले कडा चुनौती दिने संभावना रहेको छ। सदभावले यो सिजन दुई उपाधि जितिसकेका छन्।

प्रो भुवन नगरकोटी, दिनेश प्रजापति, रवि खड्का, सञ्जय लामा, जयराम श्रेष्ठ लगायतका प्रोहरू वलिया दाबेदारको रूपमा रहेका छन्। नेपाल नम्बर एक प्रो शुक्रबहादुर राईले चोटको कारण यो प्रतियोगिता पनि गुमाएका छन्।प्रतियोगिताको कुल पुरस्कार राशी ७ लाख ३ हजार ५ सय रहेको छ। विजेताले १ लाख २० हजार तथा दोस्रो र तेस्रो हुने खेलाडीहरूले क्रमश ८२ हजार र ६६ हजार प्राप्त गर्नेछन। यसैगरी चौथो हुनेले ५५ हजार र पाँचौ हुने खेलाडीले ४३ हजार नगद हात पार्नेछन।

चार दिने प्रतियोगितामा ३६ होलको समाप्तीमा कट लागु हुनेछ। जहाँ २१ टप प्रोफेसनल खेलाडीले अन्तिम १८ होलको लागि स्थान बनाउनेछन। टप २१ मा पर्ने खेलाडीहरुले नगद पुरस्कार प्राप्त गर्नेछन।एमेच्योर खेलाडीको हकमा प्रोफेसनल खेलाडीको कटमा पर्नेले मात्र अन्तिम १८ होलको प्रतिस्पर्धामा सहभागीता जनाउन पाउनेछन्।प्रतियोगितालाई प्रतिस्पर्धात्मक बनाउनको लागि कोर्सलाई रोमाञ्चक बनाइएको छ। कोर्ससँग अभ्यस्त हुन गल्फर हरूले तयारी गरिरहेको छन्।

पिजीए नेपालका अध्यक्ष रविन्द्रमान श्रेष्ठले यो प्रतियोगितामा राम्रो स्कोर निस्किने र प्रतियोगिता प्रतिस्पर्धामक हुने विश्वाश रहेको बताए। पछिल्लो समय गल्फको स्तर बढेको र निरन्तर प्रायोजन गरेकोमा उनले प्रायोजक सुर्य नेपाल प्रालिलाई धन्यवाद दिए।

# हिंसा भएपछि उत्तरपूर्वी भारतका केही मतदाता मतदानमा फर्किए

**एपी**

गुवाहाटी। गत साता हिंसाका कारण मतदानमा अवरोध पुगेपछि उत्तरपूर्वी भारतीय राज्यमा केही मतदान स्थलमा मतदाताहरू सोमबार कडा सुरक्षाका बीच मतदानमा फर्केका छन्।



शुक्रबार राष्ट्रिय निर्वाचनमा मतदानको पहिलो दिन हतियारधारीहरूले मणिपुर राज्यका करिब तीन हजार मतदान केन्द्रमध्ये ११ को चुनावी मेसिनमा क्षति पुर्याएपछि भारतीय निर्वाचन अधिकारीहरूले ती मतदान केन्द्रको परिणामलाई रद्द गरेका थिए। राज्य अधिकारीहरूका अनुसार कम्तीमा छ वटा मतदान केन्द्रमा सशस्त्र व्यक्तिहरूले मत हाल्न प्रयोग गरिने इलेक्ट्रोनिक भोटिङ मेसिन तोडेका थिए। सन् २०२३ देखि मणिपुर राज्य दुई प्रमुख जातीय समूहबीचको जातीय हिंसाले आक्रान्त छ। भीडले गाउँहरूमा तोडफोड गर्दै आगो लगाएपछि करिब दुई सय मानिस मारिएका छन् भने ६० हजारभन्दा धेरै विस्थापित भएका छन्।

क्रिस्चियन कुकीहरूले कुकी तथा अन्य जनजाति समूह बसोबास गर्ने पहाडहरूमा जग्गा किन्न दिने विशेष दर्जाका लागि अधिकांश हिन्दू मेइटीहरूको मागको विरोध गरेपछि अशान्ति भड्किएको थियो। म्यान्मासँगको भारतको सीमामा रहेका पहाडहरूमा ३७ लाख मानिस बसेको राज्य मणिपुरमा सेनाको उपस्थिति भए पनि झडपहरू भइरहेका छन्।

भारतमा विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक निर्वाचन शुक्रबारदेखि सुरु भएको छ। निर्वाचनमा २१ राज्यका लाखौं मतदाताले मत खसालेका छन्। छ सातासम्म चल्ने बहुचरणको निर्वाचनमा लोकप्रिय प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो सिधा कार्यकालको खोजीमा हिन्दू राष्ट्रवादलाई मूलधार बनाउनुभएको छ। मतगणना जुन ४ मा हुनेछ।

मुख्य विपक्षी कांग्रेस पार्टीले शुक्रबार मणिपुरमा मतदानमा धाँधली भएको भन्दै ४७ मतदान केन्द्रमा पुनः मतदानको माग गरेको थियो। यसअघि सोही दिन मणिपुरमा सशस्त्र समूहरूबीच झडप भएको थियो। हिंसा भए पनि उक्त राज्यमा ६६ दशमलव पाँच प्रतिशत मतदान भएको छ। मणिपुरका अन्य भागमा अप्रिल २६ मा दोस्रो चरणको मतदान हुनेछ।

# इजराइली युद्ध क्याबिनेटद्वारा गाजाका बन्दीहरूलाई मुक्त गर्नेबारे छलफल

**एएनआई**

तेलअविव। इजराइली युद्ध क्याबिनेटको गाजामा रहेका बाँकी बन्धकहरूको रिहाइको प्रयासबारे छलफल गर्न आइतबार बैठक बसेको एक इजराइली अधिकारीलाईउद्धृतगर्दैसिएनएनले जनाएको छ।

चार सदस्यीय युद्ध क्याबिनेटमा प्रधानमन्त्री बेन्यामिन नेतान्याहु, रक्षामन्त्री योव ग्यालेन्ट र नेसनल युनिटी पार्टीका अध्यक्ष बेनी गान्ट्ज रहनुभएको छ। यहुदीहरूको पर्व पासओभर मनाउने सन्दर्भमा इजराइली सरकारको प्रेस कार्यालयले आइतबार जारी गरेको भिडियोमा नेतान्याहूले भन्नुभयो, “आज पनि हाम्रा एक सय ३३ जना भाइबहिनीहरू बन्धकका रूपमा हमासको नरकमा कैद छन्।”




उहाँले बन्धक सम्झौताको प्रस्तावलाई हमासले ‘पूर्णरूपमा’ अस्वीकार गरेको आरोप लगाउनुभयो। साथै उहाँले इजराइलले चाँडै थप र पीडादायी प्रहार गर्ने घोषणा गर्दै हमासमाथि ‘सैन्य र राजनीतिक दबाब’ बढाउने बताउनुभयो। हप्तौँदेखि अन्तर्राष्ट्रिय मध्यस्थकर्ताहरूले युद्धविराम र बन्धक सम्झौताबारे वार्तालाई सहज बनाउने प्रयास गरे पनि वार्ताबाट कुनै स्पष्ट सफलता हासिल भएको छैन।

यसै महिनाको प्रारम्भमा हमासले युद्धविराम सम्झौताको पहिलो चरणस्वरूप ४० इजराइली बन्धकको पहिचान गर्न नसकेको सङ्केत दिएको इजराइली स्रोतलाई उद्धृत गर्दै सिएनएनले बताएको छ। वार्ताकारहरूले निर्धारण गरेको ढाँचाअनुरूप हमासले युद्धको पहिलो छ साताको युद्धविराममा सबै महिला, बिरामी तथा वृद्धवृद्धासहित ४० जनालाई मुक्त गर्नुपर्नेछ। बदलामा इजराइलले सयौं प्यालेस्टिनी कैदीहरूलाई रिहा गर्नु पर्नेछ।


टाइम्स अफ इजरायलको रिपोर्टअनुसार इजराइल र हमासबीच जारी द्वन्द्वका बीच इजराइल रक्षा बल (आइडिएफ) का चिफ अफ स्टाफ लेफ्टिनेन्ट जनरल हर्जी हलेवीले आइतबार बेर्शेबामा दक्षिणी कमान्ड मुख्यालयमा युद्ध योजनालाई मञ्जुरी दिनुभएको छ। यसैबीच इजराइली सैनिकहरूले वेस्ट बैंकको नजिकैको नुर अल-साम्स शरणार्थी शिविरमा दुई दिने अपरेसन सम्पन्न गरेको आइडीएफलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ।

प्यालेस्टिनी स्वास्थ्य मन्त्रालय र आधिकारिक समाचार एजेन्सी वाफालाई उद्धृत गर्दै इजराइली सेनाको अपरेसनमा एक बच्चासहित कम्तिमा १४ जनाको मृत्यु भएको बताइएको छ।आइडिएफका अनुसार सुरक्षा बलबाट बिहीबारदेखि सुरु गरेको आतङ्कवाद विरोधी अभियानका क्रममा १० जना आतङ्कवादी मारिनुका साथै आठ जना संदिग्ध पक्राउ परेका छन्।

# चीनमा आँधीका कारण ११ जना बेपत्ता

**एएफपी**

बेइजिङ। दक्षिणी चीनमा आँधीबेहरीका कारणले एघार जना बेपत्ता हुनुका दशौं हजारलाई प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएको राज्य मिडियाले सोमबार जनाएको छ। पछिल्लो समयमा गुआङ्गडोङको दक्षिणी प्रान्तमा भारी वर्षा भएकाले नदीहरूको सतह बढ्दा गम्भीर बाढीको डर बढेको छ। , यस्तो ‘शताब्दीमा एक पटक मात्र’ हुने राज्य मिडियाले बताएको छ।



गुआङ्गडोङका धेरै भागमा लगातारको भारी वर्षाले ११ जना बेपत्ता भएको स्थानीय आपत्कालीन व्यवस्थापन विभागलाई उद्धृत गर्दै राज्य समाचार एजेन्सी सिन्ह्वाले जनाएको छ। बाढीको जोखिमबाट बचाउन ५३ हजारभन्दा बढी मानिसलाई स्थानान्तरण गरिएको एजेन्सीले जनाएको छ। तीमध्ये ४५ हजारभन्दा बढीलाई उत्तरी गुआङ्गडोङ सहर किङयुआनबाट विस्थापित गरिएको थियो। उक्त सहर फराकिलो नदी डेल्टामा सहायक नदी बेई नदीको किनारमा फैलिएको छ।

सोमबार पनि भारी वर्षा जारी रहने अनुमान गरिएको छ। मौसम विज्ञान अधिकारीहरूले ‘गुआङ्गडोङको तटीय पानीमा आँधीबेहरी र तीव्र हावा’ हङकङ र शेन्जेनलगायत प्रमुख सहरहरूको सिमानामा रहेको समुद्री क्षेत्रमा रहेको पूर्वानुमान गरेका छन्।फुजियान, गुइझोउ र गुआङ्सीलगायत छिमेकी प्रान्तहरू पनि ‘अल्पकालीन भारी वर्षा’ बाट प्रभावित हुने राष्ट्रिय मौसम विज्ञान केन्द्रले जनाएको छ। गुआङडोङ चीनको सघन जनसंख्या भएको प्रान्त हो। यहाँ करिब १२ करोड ७० लाख मानिस बस्छन्।

जियाङवान सहरमा भारी वर्षाका कारण भूस्खलनमा छ जना घाइते भएका छन् भने धेरैजना प्रभावित भएका छन्।राज्य प्रसारणकर्ता सिसिटिभीको तस्बिरहरूमा खैरो माटोको पर्खालले घरहरू ध्वस्त पार्दा मानिसहरू प्रवाभित भई सार्वजनिक खेलकुद कोर्टमा शरण लिइरहेको देखाइएको छ।पर्ल नदीको सहायक नदीहरूमा सोमबार बिहान चेतावनी सीमाभन्दा पाँच दशमलव आठमाथि बाढी आउने सिसिटिभीले रिपोर्ट गरेको छ।

# सिङ्गापुर शिखर सम्मेलनमा शिक्षण सुधारका लागि छलफल



**सिन्ह्वा**

सिङ्गापुर। वरिष्ठ शिक्षा अधिकारीहरूरशिक्षकप्रतिनिधिहरूले सोमबारदेखि बुधबारसम्म सिङ्गापुरमा हुने विश्वव्यापी शिखर सम्मेलनमा शिक्षण पेशालाई सुदृढ पार्ने र विद्यार्थीहरूको उपलब्धि बढाउने उपायहरूबारे व्याख्या गर्नेछन्।

सिंगापुरका शिक्षामन्त्री चान चुन सिङले शिक्षण पेशासम्बन्धी १४औं अन्तर्राष्ट्रिय शिखर सम्मेलनको उद्घाटन समारोहमा भन्नुभयो, “प्राविधिक आविष्कार र जीवनभर सिकाइको आवश्यकता लगायतका आधारभूत परिवर्तनहरूले आगामी वर्षहरूमा शिक्षालाई आकार दिनेछ।”

उहाँले शिक्षा क्षेत्रलाई सिकाइको विज्ञानलाई अँगाल्न, सिकाइका लागि बलियो सामाजिक र पारिवारिक वातावरण निर्माण गर्न त्यँ मागसँग मेल खाने भविष्यका सीपहरू पहिचान गर्न आह्वान गर्नुभयो। ‘पुनःपरिकल्पना गर्ने शिक्षा, सम्भाव्यताको अनुभूति’ भन्ने विषयवस्तुमा रहेको कार्यक्रममा सिकाइको भविष्य, शिक्षा र व्यावसायिक तालिमलाई रूपान्तरण गर्न प्रविधिको भूमिका र जीवनका लागि सिकाइलाई सहयोग गर्न साझेदारीको महत्त्वलगायतका विषयमा छलफल भएका छन्।

शिखर सम्मेलनमा एसिया, युरोप, उत्तर अमेरिका र ओशिनियाका १८ वटा प्रतिनिधिमण्डलका शिक्षा अधिकारी, शिक्षक सङ्घका प्रमुख र शिक्षक नेताहरू सहभागी छन्।

कार्यक्रममा प्रतिनिधिहरूले सिङ्गापुरका प्राथमिक र माध्यमिक विद्यालयहरू, उच्च शिक्षा संस्थानहरू र अन्य प्रशिक्षण संस्थाहरूको भ्रमण गर्नेछन्।

# इन्टेलद्वारा विश्वको सबैभन्दा ठूलो ‘न्यूरोमोर्फिक प्रणाली’ निर्माण

**सिन्ह्वा**

लस एन्जलस। इन्टेलले भविष्यको मस्तिष्कबाट प्रेरित कृत्रिम बौद्धिकता (एआई) को अनुसन्धानलाई समर्थन गर्न विश्वको सबैभन्दा ठूलो ‘न्यूरोमोर्फिक प्रणाली’ निर्माण गरेको छ।कोड-नाम ‘हाला प्वाइन्ट’ रहेको ठूलो स्केलको न्यूरोमोर्फिक प्रणाली सुरुमा न्यूमेक्सिकोको सान्डिया राष्ट्रिय प्रयोगशालाहरूमा तैनात गरिएको थियो। यसले सूचना प्रशोधनमा मानव मस्तिष्कको नक्कल गर्दछ।




हाला प्वाइन्टले १० गुणा बढी न्यूरोन क्षमता र १२ गुणा उच्च कार्यसम्पादन हासिल गर्न वास्तुकलामा सुधार तथा इन्टेलको पहिलो पुस्ताको ठूला-ठूला अनुसन्धान प्रणाली ‘पोहोइकी स्प्रिङ्स’लाई अगाडि बढाउँछ।स्यान्डिया राष्ट्रिय प्रयोगशालाका अन्वेषकहरूले उन्नत ब्रेन-स्केल कम्प्युटिङ अनुसन्धानका लागि हाला पोइन्ट प्रयोग गर्ने योजना बनाएका छन्। यो उपकरण भौतिकी, कम्प्युटर वास्तुकला, कम्प्युटर विज्ञान र सूचना विज्ञानमा वैज्ञानिक कम्प्युटिङ समस्याहरू समाधान गर्नमा केन्द्रित रहने छ।

“आज एआई मोडेलहरूको कम्प्युटिङ लागत दिगो दरमा बढ्दै गएको छ। उद्योगलाई आधारभूत रूपमा मापन गर्न सषम नयाँ दृष्टिकोण चाहिन्छ”, न्यूरोमोर्फिक कम्प्युटिङ ल्याब इन्टेलका निर्देशक माइक डेभिसले भन्नुभयो, “हामीले हाला पोइन्ट विकास गरेका छौं, यसले उपन्यास मस्तिष्क-प्रेरित सिकाइ दक्षता संयोजन गर्दछ।”उहाँले हाला पोइन्टसँगको अनुसन्धानले ठूलो स्तरको एआई प्रविधिको दक्षता र अनुकूलनतालाई अगाडि बढाउने आशा गरिएको बताउनुभयो।

# दुधको भुक्तानी नपाएपछि चितवनका किसानलाई गाईभैंसी पाल्न कठिन

नारायणगढ । सात महिनादेखि दूधको भुक्तानी नपाएपछि चितवनका दुग्ध उत्पादक किसानले गाईभैंसी पाल्न कठिन भएको बताएका छन् ।

गत असोजदेखि जिल्लाका विभिन्न डेरीलाई बेचेको दूधको करिब रु ८२ करोड भुक्तानी नपाउँदा गाईभैंसी पाल्न कठिन भएको किसानले बताएका हुन् । भरतपुर महानगरपालिका-१३ चम्फानगरका होमनाथ सुवेदी दूध बेचेको पैसा भुक्तानी नपाएपछि गाईभैंसीलाई के खुवाउने भन्ने समस्या उत्पन्न भएको बताउनुहुन्छ । स्थानीय उज्जवल दुग्ध उत्पादक संस्थाका अध्यक्षसमेत रहनुभएका सुवेदीले आफूमात्र नभई संस्थामा आबद्ध सबैजसो किसान समस्यामा परेको बताउनुभयो ।

"विगत छ महिनादेखि यहाँका विभिन्न डेरीले करोडौं रकम भुक्तानी नगर्दा किसानलाई दाना ९चोक्कर० समेत दिन सकेका छैनौ । त्यसैले हामी निकै समस्यामा छौँ", सुवेदीले रासससँग भन्नुभयो । उहाँका अनुसार सो संस्थाले स्थानीय सुजल डेरीसँग रु ९५ लाख र अन्य संस्थाहरूसँग गरी रु एक करोड ५० हजारभन्दा बढी रकम भुक्तानी लिन बाँकी छ । ती संस्थाले नियमित दूध लिइरहे पनि पैसा दिन आनाकानी गरिरहेका छन् ।

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेले चितवन दूधमा आत्मनिर्भर भए पनि दूधको भुक्तानी नपाउँदा दुग्ध उत्पादक किसान निराश भएका बताउनुभयो । अहिले जिल्लामा रहेका दुग्ध उत्पादक किसानले दुग्ध विकास संस्थान ९डिडिसी० र सुजल डेरीलगायत संस्थासँग रु ८२ करोडभन्दा बढी रकम भुक्तानी लिन बाँकी रहेको र अन्तिम पटक चैत २१ गतेसम्म भुक्तानी दिने गरी भएको सहमतिसमेत कार्यान्वयन नहुँदा गाईभैंसीपालक किसान पेसाबाट पलायन हुने अवस्था आएको उहाँको भनाइ छ ।

"किसानले बैंकबाट लिएको ऋणको ब्याजसमेत तिर्न नसक्ने अवस्था आइसकेको छ । अब चाँडै वक्यौता भुक्तानी नदिने हो भने धेरै किसान पेसाबाट नै पलायन हुने छन् । त्यसैले सहमति कार्यान्वयन गर्न म सबैलाई आग्रह गर्दछु", बगालले भन्नुभयो । चितवनमा हाल दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुँदै आएको छ भने दैनिक एक लाख ५० हजार लिटर दूध जिल्ला बाहिर निर्यात हुने गरेको छ । अहिले दूध नउठ्ने समस्या हटे पनि भुक्तानी नपाउने समस्या बढ्दै गएकाले तत्काल समस्या समाधान गर्न सरकारले पहलकदमी लिनुपर्ने स्थानीय किसानको आग्रह छ ।रासस

# 'नेपालको पूर्वाधार क्षेत्रमा कतारी लगानीका लागि पहल गर्नुपर्ने'


काठमाण्डु । विश्वका अधिकांश देशले खुला श्रम बजार नीति लिएसँगै मध्यपूर्वको विकसित मुलुक कतार अधिकांश नेपालीका लागि रोजगारीको थलो बन्यो । नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिने 'विप्रेषण'मा पनि कतारको हिस्सा उल्लेख्य रहँदै आएको छ ।

नेपाल राष्ट्र बैंकका अनुसार चालु आवको आठ महिनामा श्रम स्वीकृति लिइ कतार जाने नेपालीहरुको संख्या साढे २८ हजारभन्दा बढी छ । यही श्रम सम्बन्धका आधारमा गहिरिएको कतारसँगको नेपालको आर्थिक सम्बन्ध लगानी ल्याउने विषयमा भने प्रभावकारी बन्न सकेको देखिन्न । दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको करिब पाँच दशक पुग्न लागेको छ । हालसम्म श्रम बजारका हिसाबले दुई मुलुकबीचका सम्बन्ध बिस्तार भए पनि यो सम्बन्धले लगानी भित्र्याउने सम्बन्धमा अग्रसर भएको छैन ।

उद्योग विभागको तथ्याङ्कअनुसार कतारबाट निकै कम आयोजनामा मात्रै लगानीको प्रतिबद्धता आएको छ । विभागका विदेशी लगानी तथा प्रविधि हस्तान्तरण शाखाका निर्देशक शङ्कर सिंह धामीका अनुसार कतारबाट हालसम्म १२ वटा आयोजनामा लगानी प्रतिबद्धता आएको छ । जसमा तीन वटा क्षेत्रका चार आयोजनामा लगानी भित्रिएको देखिन्छ । "हालसम्म पर्यटनतर्फ एक, सूचना प्रविधि (आइसिटी) तर्फ एउटा, सेवामूलक क्षेत्रतर्फ दुई वटा आयोजनामा रु ४४ करोड ६० लाख ७० हजार बराबरको लगानी भित्रिएको देखिन्छ", उहाँले भन्नुभयो, "त्यसबाहेक अन्य क्षेत्रमा लगानी भित्रिएको छैन ।"

मुलुक विकासका लागि महत्वपूर्ण मानिने पूर्वाधार क्षेत्रमा अहिलेसम्म कतारको लगानी ल्याउन नसकिएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको भनाइ छ । मन्त्रालयका सूचना अधिकृत शुभा श्रेष्ठ आगामी दिनमा विभिन्न पूर्वाधार क्षेत्रमा कतारको लगानी ल्याउनका लागि पहल गर्न सकिने बताउनुहुन्छ । कतार सरकार र त्यहाँका लगानीकर्तालाई नेपालको पूर्वाधार क्षेत्रमा लगानीमार्फत जोड्न प्रयास रहे पनि त्यो अहिलेसम्म सफल नभएको उहाँको भनाइ छ ।

"नेपालको पूर्वाधार क्षेत्रमा विश्व बैंक, एसियाली विकास बैंकलगायतका संस्थाहरुको लगानी छ, अन्य छिमेकी मुलुकहरुले लगानी गरिरहेका छन्", उहाँले भन्नुभयो, "आगामी दिनमा कतारको लगानी पनि ल्याउनका लागि पहल गर्ने योजना छ ।"तर लगानी सम्मेलनको पूर्वसन्ध्यामा हुन लागेको कतारी अमिरको भ्रमणमार्फत नेपालमा कतारी लगानी भित्र्याउन सकिने जानकारहरु बताउँछन् । कतारका अमिरको भ्रमणले त्यसका लागि सकारात्मक सन्देश जाने अपेक्षा समेत गरिएको छ । सरकारले लगानी सम्मेलनमा जलविद्युत्, पर्यटन, शिक्षा, खानीलगायतका पूर्वाधार निर्माणका आयोजनाहरु सोकेसमा राखेको छ । ती आयोजनामा कतारको लगानी ल्याउन सकिने जानकारहरुको बुझाइ छ ।



पूर्वाधारविद् इञ्जिनियर सूर्यराज आचार्य वैदेशिक लगानी ल्याउनका लागि कतार सम्भावना भएको मुलुक भएको भन्दै सरकारले कूटनीतिकमार्फत पहल गर्नुपर्ने सुझाव दिनुहुन्छ । उहाँ कतारका अमिरको भ्रमण सुनौलो अवसर भएको पनि बताउनुहुन्छ ।"सरकार विदेशी लगानी, वैदेशिक सहयोगका सन्दर्भमा गम्भीर हुनुपर्छ, साथै लगानीको सुरक्षित वातावरण तय गर्नुपर्छ", उहाँले भन्नुभयो, "कतारलगायत मध्यपूर्वका मुलुकहरुसँग 'सोभरेन्ट वेल्थ फन्ड'मार्फत लगानी गर्ने नीति पनि हुन्छ । त्यसोहुँदा त्यहाँबाट लगानी ल्याउन सकिन्छ ।"

कतारको भौतिक पूर्वाधारमा नेपाली श्रमिकको महत्वपूर्ण योगदान रहेको भन्दै उहाँ यसले पनि दुई देशबीच यसप्रकारको सहकार्यमा वातावरण बनाउन सहयोग पुग्ने बताउनुहुन्छ । "कतारको विश्वकप फुटबल प्रतियोगिता सुरु हुनु अगावै रङ्गशाला निर्माणमा नेपाली श्रमिकको ठूलो योगदान छ । यस आधारमा पनि हामीले लगानीका लागि कतार सरकार र त्यहाँका लगानीकर्तालाई अनुरोध गर्न सक्छौं", उहाँले भन्नुभयो ।

कतारमा रोजगारीका लागि जाने श्रमिकलाई पनि राम्रो शिक्षा दिनसकेमा कतारले दक्ष जनशक्ति पाउने भएकाले सीपमुलक शिक्षामा पनि कतारलाई लगानी गर्न अनुरोध गर्न सकिने उहाँको बुझाइ छ । "राजनीतिक, कर्मचारी, कूटनीतिक तवरबाट लगानी बढाउन पह गर्न सकिन्छ", उहाँले थप्नुभयो । दुई देशबीचको सम्बन्धलाई आर्थिक पारस्परिक लाभको सम्बन्धमा अगाडि बढाउन जरुरी रहेको आचार्यको भनाइ छ ।

गैरआवसीय नेपाली सङ्घ (एनआरएनए) पूर्वअध्यक्ष भवन भट्टले कृषि, पूर्वाधार, जलविद्युत्, पर्यटनलगायतका क्षेत्रमा कतारको लगानी बढाउने सकिने सम्भावना रहेको बताउनुभयो । "पाँच लाखभन्दा बढी नेपालीहरु अहिले कतारमा कार्यरत छन्, उनीहरुले कतारको समृद्धिमा टेवा पुऱ्याइरहेका छन्", उहाँले भन्नुभयो, "कतारले पनि नेपालको विभिन्न पूर्वाधारमा लगानी गरी समृद्धिको यात्रामा सहयोग गर्न सक्छ । यसका लागि कूटनीतिक पहल जरुरी छ ।"

आर्थिक तथा विकास मामिलाका जानकार डा गोविन्द नेपाल प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन नीतिगत, कानुनी, प्रकृयागत तथा संरचनागत सुधार गरे पनि अपेक्षितरुपमा वैदेशिक लगानी भित्रन नसकेको बताउनुहुन्छ । उहाँका अनुसार विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, औद्योगिक व्यवसाय ऐन, श्रम ऐन, विदेशी लगानी नीति, लगानी बोर्डको स्थापना, स्वचालित दर्ता तथा प्रशासनलगायतका क्षेत्रमा सुधार गरिए पनि विदेशी लगानीकर्ताहरु नेपालमा लगानी गर्न विश्वस्त हुन नसकेको बताउनुहुन्छ ।

वैदेशिक लगानी अकर्षित गर्ने कुरामा प्रमुख राजनीतिक दलहरूबीच स्पष्ट एवं एकीकृत अवधारणाको अभाव रहेको उहाँको भनाइ छ । एउटै दलको पनि दलगत अवधारणा र व्यवहारमा भिन्नता देखिएको नेपालको बुझाइ छ । "वैदेशिक लगानीको सम्भावना भएका मुलुकसँग द्विपक्षीय लगानी सम्झौता तथा दोहोरो कर मुक्ति सम्झौता गरी लगानी सुरक्षाको प्रत्याभूति दिन आवश्यक छ", उहाँले भन्नुभयो, "बढी लगानी भित्र्याउनका निम्ति विदेशी लगानीलाई धितोपत्रको दोस्रो बजार खुला गर्दै लैजानु आवश्यक छ ।"रासस

# सिटिजन्स बैंकद्वारा नेपालमै पहिलो पटक भर्चुअल क्रेडिट कार्ड सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । डिजिटल बैंकिङ्गलाई उच्चप्राथमिकतामा राख्दै बिगत सत्र वर्ष देखि आमनेपालीसर्वसाधरण ग्राहकवर्गहरुमाझ सर्वसुलभ बैंकिङ्ग सेवा पुर्याउँदै आएको





यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले फोनपे सँगको सहकार्यमा नेपालमै पहिलो पटक भर्चुअलक्रेडिट कार्ड सार्वजनिक गरेकोछ।सिटिजन्सबैंकमाआयोजित एक कार्यक्रमकाबीच सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडका प्रमुखकार्यकारी अधिकृत श्री गणेशराज पोखरेल र फोनपेका प्रमुख कार्यकारी अधिकृत श्रीदिवश कुमार बीच भर्चुअल क्रेडिट कार्ड संचालन सम्बन्धी सम्झौता भएको छ । साथै बैंकका प्रमुख कार्यकारी अधिकृत श्री गणेशराज पोखरेलले भर्चुअल क्रेडिट कार्डको उद्घाटन गरेका हुन् ।


भर्चुअल क्रेडिट कार्डको लागि सिटिजन्स मोबाइल बैंकिङ एपमार्फत योग्य ग्राहकहरूले सिधै आवेदनदिन सक्नेछन् ।कुनैकागजीकार्य रभौतिक कार्डको आवश्यकता नपर्ने यस्तो कार्डमा ग्राहकहरूले रु २०,००० देखी रु २,५०,००० सम्मको क्रेडिट सीमाउपभोग गर्न पाउनेछन ।भर्चुअलक्रेडिट कार्डत्तच कोड स्क्यान गरेर किनमेल गर्न, नेपालभित्र अनलाइन खरिदहरू गर्न प्रयोग गर्न सकिनेछ । यसमा ई.एम.आइ को सुबिधापनि रहेको छ ।बैंकले ग्राहकहरुलाई ४५ दिनको समयावधिभित्र सजिलै कर्जा चुक्तागर्ने विकल्प प्रदान गरेको छ साथै उनीहरूको कुलक्रेडिट कार्डको बक्यौताको १०५ देखि १००५ सम्म भुक्तानी गर्ने विकल्प पनि प्रदान गरेकोछ । भर्चुअल क्रेडिट कार्ड एक पूर्ण डिजिटल रुपमा सञ्चालित क्रेडिट कार्ड हो र ग्राहकहरूले आफ्नो मोबाइल बैंकिङ एप्लिकेशन मार्फत नै यो कार्ड प्राप्तगर्न तथाआफ्नो कारोबार गर्न सक्नेछन् । योकार्डले भुक्तानी कार्ड उद्योग र ग्राहक महानुभावहरुलाई पुनः परिभाषित गर्ने अपेक्षा गरिएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी रहेका आफ्ना

# सिटिजन्स बैंकद्वारा विद्यार्थीहरुलाई विद्यालय पोशाक वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत श्री शारदा माध्यामिक विद्यालय, धनगढी कैलालीक ।विद्यार्थीहरुलाई विद्यालय पोशाक उपलब्ध गराएको छ । विद्यालयमा अध्ययनरत अधिकांश विद्यार्थीहरु विपन्न परिवारबाट रहेकार उनिहरुको आर्थिक अवस्था सबल नभएको कारण ती विद्यार्थीहरुको पठन पाठनमा आउने कठिनाईहरुमा केही सहजता होस् भन्ने हेतुले बैंकले विद्यालय पोशाक प्रदान गरेको हो ।



विद्यालयमा सोमबार आयोजित एक समारोहका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले सहयोग स्वरुप विद्यार्थीहरुलाई सामाग्रीहरु हस्तान्तरण गरेका हुन् । समारोहलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत पोखरेलले विद्यार्थीहरु देशको भविष्यका कर्णधार भएका र उनीहरुलाई सानो भएपनि सहयोग गर्न पाउँदा आफुलाई धेरै खुशी महशुस भएको कुरा व्यक्त गरे ।

संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्दै आएको बैंकले आगामी दिनमा पनि यस्ता कार्यक्रम गर्ने योजना रहेको जनाएको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७ लाख २४ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ । हाल ५५ जिल्लामा आफ्नो सेवा प्रदानगर्दै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ७ शाखाहरु विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ ।

१९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७ लाख २४ हजार ग्राहक वर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ । हाल ५५ जिल्लामा आफ्नो सेवाप्रदानगर्दै आएको सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ७ शाखाहरु विस्तार गरेर आगामीदिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ ।

# खडेरीले खेतबारीमै सुक्न थाल्यो बाली

गलेश्वर । वैशाख पहिलो साता बितिसक्दा पनि पानी नपरेका कारण मकै छर्न नपाएर म्याग्दीका किसान चिन्तित छन् । लामो खडेरीले खेतबारीमा लगाएका तरकारी र खेतमा लगाएको मकै सुक्न थालेको छ भने जङ्गलमा लागेको डढेलोले वन जङ्गल उजाडिएको छ । पानीका मुहान सुकेका छन् । गाउँमा खानेपानीको समस्या उत्पन्न हुनुका साथै वायु प्रदूषणका कारण बिरामी बढेको स्थानीयले बताएका छन् ।

हिउँद याममा राम्रोसँग हिमपात र वर्षा नभएपछि गहुँ, जौलगायत हिउँदेबाली पनि राम्रोसँग उत्पादन नभएको मालिका गाउँपालिका-२ का किसान टेकबहादुर विकले बताउनुभयो । "हिउँदेबाली खेतबारीमै सुक्न थालेका छन् । हिमपात र वर्षा नहुँदा बैंसीबाट हिमाली क्षेत्रसम्म गरिएको हिउँदेबाली खेतबारीमै सुक्न थालेको छ", विकले भन्नुभयो ।

"वर्षा र हिमपात नभएपछि सिँचाइको अभावले गहुँ, जौलगायतका हिउँदेबाली पनि राम्रोसँग उत्पादन भएन । अहिले खडेरी परेको छ, बारीमा मकै छर्न पाएका छैनौँ । यस्तै भयो भने त भोकमरीले मरिने भयो", मङ्गला गाउँपालिका- ५ का किसान टीका पौडेलले गुनासो गर्नुभयो ।



ल ा म ा ` समयदेखि पानी परेको छैन । मौसम तातिरहेको र गर्मीले आलसतालस बनाइरहेको छ । किसान बारीमा मकै छर्न नपाएर छट्पटाइरहेको राष्ट्रिय जनमोर्चा म्याग्दीका पूर्वअध्यक्षसमेत रहनुभएका मालिका गाउँपालिका-६ का कृषक छवि विश्वकर्माले बताउनुभयो ।

"विपत्ति सुरु भएको छ । पाँच महिनादेखि राम्रोसँग पानी परेको छैन । खेतमा छरेका मकै खेतमा नै सुकेको छ । बारीमा मकै छर्न नपाएर किसान चिन्तित छन् । तरकारी र फलफूलका बिरुवा मर्न थाले । वनजङ्गल डढेलोले ध्वस्त भएका छन् । खानेपानीका मुहान सुकिराखेका छन् । स्थिति हामीले सोचेभन्दा जटिल हुँदै गएको छ", उहाँले भन्नुभयो ।रासस


# भाखा नाघेको कर्जा बुझाउने बारे नागरिक बचत तथा ऋण सहकारी संस्था लि. को ३५ दिने सूचना

यस नागरिक बचत तथा ऋण सहकारी संस्था लि. का तपसील बमोजिमको व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हाल सम्म कर्जा नबुझाई, भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित संस्थाले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा व्याज नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित संस्थामा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा संहकारी संस्थाको असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था तथा कालो सूचीमा समावेश गरी संस्थाको सम्पूर्ण लेना देना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउँदछ । साथै तपसील बमोजिमका व्यक्तिहरुलाई संस्थाबाट कर्जा लिन (धितो-जग्गा) मन्जूरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

तपसीलः-

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | मि.नं. | पिता/पतिको नाम | बाजे/ससुराको नाम | उदेश्य | साँवा रकम | भाखा नाघेको रकम | २०८०/१२/३० सम्मको व्याज | कुल जम्मा रकम | फोटो |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दिपेन्द्र कु. मण्डल | हँसपुर न.पा.-८ (झटियाही गा.वि.स.-२) | १२४ | गंगा प्रसाद मण्डल | रघुविर मण्डल | घरायसी | ४,४९,७१७।- | ४,४९,७१७।- | २,५०,८८३।- | ७,००,६००।- |  |
| २ | जय प्रकाश रोहिता | जि.ध. हरिने गा.वि.स.-२ हालः कमला न.पा.-८ | ९६ | गुरुशरण रोहिता | जगदेव रोहिता | घरायसी | ३,४४,४६२।- | ३,४४,४६२।- | १,९२,१६६।- | ५,३६,६२८।- |  |
| ३ | रादयाल ठाकुर | जनकपुरधाम उ.म.न.पा. -२४ | १८ | जिवछ ठाकुर हजाम | नथुनी ठाकुर | घरायसी | १३,४५,०००।- | १३,४५,०००।- | ६,६९,१५०।- | २०,१४,१५०।- |  |
| ४ | आकाश ठाकुर | गेडाभैटपुर वडा नं. ६ | ११५ | रामकत ठाकुर | बाबुलाल ठाकुर | घरायसी | ६,९४,५८९।- | ६,९४,५८९।- | ३,७६,२१४।- | १०,७०,८०३।- | |
| ५ | सिकान्ति देवी मुखिया | जनकपुरधाम उ.म.न.पा. -१२ | ४९ | मातवर मुखिया | रामजी मुखिया | घरायसी | ५,९९,९८९।- | ५,९९,९८९।- | ३,१४,९७६।- | ९,२४,९६५।- |  |

**नागरिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**मधेश प्रदेश, जनकपुरधाम उ.म.न.पा.-४, क्याम्पस चोक, धनुषा**

# विरगञ्जको विकासका लागि प्रधानमन्त्रीलाई ज्ञापन

टुडे समाचारदाता

वीरगञ्ज । पूर्वमन्त्री एवम् जसपाका सचेतक प्रदीप यादवले विकास बजेटबारे प्रधानमन्त्री पुष्पकमल दहालको धानाकर्षण गराएका छन् । पर्सा क्षेत्र नम्बर १का सांसद समेत रहेका नेता यादव सोमबार प्रधानमन्त्रीसंग भेट गरी वीरगञ्ज महानगरको विकास बजेटको लागि ज्ञापन समेत बुझाएका छन् । संघीय सरकारले वीरगञ्जलाई उपेक्षा गर्दै आएकोले यस पटकको विकास बजेट तर्जुमा वीरगञ्ज महानगरलाई विशेष प्याकेज उपलब्ध गराउन प्रधानमन्त्रीलाई आफूले ज्ञापन दिएको सांसद यादवले बताए ।



सिंहदरबार स्थित प्रधानमन्त्री कार्यालयमा भेटेर वीरगञ्ज सहित पर्सा संसदीय क्षेत्र नम्बर १ निर्वाचन क्षेत्रका लागि विशेष प्याकेज सहितको बजेट व्यवस्थापन गर्न प्रधानमन्त्रीसंग माग आफूले मांग गरेको पूर्वमन्त्री यादवको भनाइ थियो । भौतिक विकास लगायत स्वास्थ्य, शिक्षा, खानेपानी, पर्यटन, कृषि, खेलकुद लगायतका विभिन्न योजना र त्यसमा लाग्ने रकमको सूची नै बनाएर सांसद यादवले प्रधानमन्त्री प्रचण्डलाई ज्ञापनपत्रमा बुझाएका छन् ।

मुख्य रुपमा जरजर अवस्थामा रहेको वीरगञ्ज स्थित नारायणी रंगशालाको मर्मत सम्भार र स्तरोन्नति, केन्द्रीय अस्पतालको रुपमा रहेको नारायणी अस्पतालको भवन निर्माण, घडीअर्वा पोखरी पार्कको स्तरोन्नति, ठाकुरराम बहुमुखी क्याम्पसको भवन मर्मत सम्भार र रंगरोगन तथा छात्रावास निर्माणका लगायतका भौतिक निर्माणको योजनाहरु आउने आर्थिक बजेटमा व्यवस्थापन गर्न सांसद यादवले दिएको ज्ञापन पत्रमा उल्लेख गरिएको छ ।

> ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री प्रचण्डले देशकै प्रमुख आर्थिक नगरी वीरगञ्जसहित त्यसक्षेत्रको विकास र समृद्धिका लागि आफनो तर्फबाट पहल गर्ने प्रतिबद्धता जनाएको सांसद यादवले जानकारी दिए ।

पर्सा संसदीय क्षेत्र नम्बर १मा रहेको वीरगञ्ज महानगरपालिकाको ग्रामीण भेगका वडा ३१ र ३२ मा निर्माण गर्न लागिएको पर्सा प्राणी उद्यान (चिडिया खाना)को निर्माणका लागि १० करोड रुपैयाँ तथा वीरगञ्ज-१५ मा डिपिआर बनिसकेको लक्ष्मणवा पार्क निर्माणका लागि ७ करोड रुपैयाँ पनि नयाँ बजेटमा विनियोजन गर्न यादवले माग गरेका छन् ।

यसैगरि निर्वाचन क्षेत्र १ मा पर्ने विभिन्न वडामा कालोपत्रे सडक निर्माण , विभिन्न चार वटा खोलामा पुल निर्माण, महानगरका विभिन्न १८ वटा वडामा खानेपानीका लागि डिप बोरिङ जडान, सिर्सिया नदी र भेडाहा खोलामा तटबन्ध निर्माणका लागि आवश्यक बजेट नयाँ बजेटमा समावेश गर्न सांसद यादवले प्रधानमन्त्री प्रचण्डसंग माग गरेका छन् ।

ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री प्रचण्डले देशकै प्रमुख आर्थिक नगरी वीरगञ्जसहित त्यसक्षेत्रको विकास र समृद्धिका लागि आफनो तर्फबाट पहल गर्ने प्रतिबद्धता जनाएको सांसद यादवले जानकारी दिए ।

# आँखा अस्पतालका पुराना कर्मचारी आन्दोलित

टुडे समाचारदाता

जनकपुरधाम । जानकी आँखा अस्पतालका पुराना कर्मचारीहरु आन्दोलित भएका छन् । कुनैबेला आँखाको उपचारका लागि नेपाल-भारत सीमावर्ती क्षेत्रमा समेत निकै प्रख्यात रहेका जानकी आँखा अस्पताल अहिले आन्तरिक किचलोको जालोमा फसेको छ ।

व्यस्थापन पक्षकै कमी कमजोरीका कारण जानकी आँखा अस्पताल जनकपुरधाम विवादको भुमरीमा फस्दै गएको आरोप लगाइएको छ । अस्तपाललाई व्यवस्थित पारदर्शी र विधि विधान अनुसार संचालन हुनुपर्ने माग राख्दै पुराना कर्मचारीहरुसमेत आन्दोलित भएका छन् ।

तीन महिनादेखि कर्मचारीहरुले तलब नपाएको र केही करारका कर्मचारीहरुलाई व्यवस्थापन पक्षले आफूखुसी हटाएपछि पुराना स्वतन्त्र कर्मचारी युनियन आन्दोलनमा उत्रेका छन् ।

व्यवस्थापन पक्षले अस्पतालबाट केही कर्मचारीलाई आफूखुसी हटाएसंगै अस्पतालको अवस्था लथालिंग भएको छ । जसको कारणले अस्पतालको सरसफाई नहुँदा दुर्गन्धित हुँदै गएकाले सेवाग्राहीलाई समेत सास्ती खेप्नु परेको अस्पतालका कर्मचारी नुतन झाले आरोप लगाए ।

आँखा अस्पतालमा रेडक्रस सोसाइटीका धनुषा जिल्ला अध्यक्ष पदेन अध्यक्ष रहने प्रावधान रहे पनि चार वटा संस्थाको अध्यक्ष रहेका नरेशप्रसाद सिंह नै अस्पतालको अध्यक्ष रहनुले रेडक्रस सोसाइटीमाथि पनि प्रश्नचिन्ह खडा भएको नुतन झाले बताए ।

जनकपुरधाममा सोमबार पुरानो स्वतन्त्र कर्मचारी युनियनले आयोजना गरेको छलफल तथा अन्तरक्रिया कार्यक्रममा अध्यक्ष सिंहले




आफूलाई जोगाउन रेडक्रस सोसाइटी लाई करिव तीन करोड रुपैयाँ बुझाएको समेत आरोप लगाए ।

रेडक्रसले विगतमा आँखा अस्पताललाई अनुदान दिँदै आएको भए पनि रेडक्रस धनुषाका अध्यक्ष तथा आँखा अस्पतालका पदेन सदस्य नरेश सिंहले आर्थिक अनियमितता गरेको अस्पतालका कर्मचारी श्यामसुन्दर झाले आरोप लगाए ।

१६ बुँदे माग अघि सार्दै नियमसम्मतरुपमा पारदर्शीतासहित लोकसेवा आयोगको व्यवस्था अनुसार कर्मचारी भर्ना गर्नुपर्ने, एकै व्यक्ति चार वटा संस्थानको अध्यक्ष हुन नपाउने, रेडक्रस सोसाइटीको विधान अनुरुप कामकारवाही हुनुपर्ने, जानकी आँखा अस्पताललाई नेपाल सरकारको नियमानुसार दर्ता गरी संचालन गर्नुपर्नेलगायतका माग अघि सार्दै आन्दोलनलाई जारी राख्ने उनले बताए ।

उनले भने-'गंगाराम यादव अध्यक्ष रहेको बेला आँखा अस्पतालको खातामा तीन करोड रुपैयाँ थियो तर, वर्तमान अध्यक्ष नरेश प्रसाद सिंह हुँदा अहिले सो रकम खातामा नदेखिएकाले छानबिन हुनुपर्छ ।'

सो कार्यक्रममा समाजवादी ट्रेड युनियन महासंघ मधेश प्रदेशका अध्यक्ष उदयचन्द्र मिश्र, जनमत पार्टीका स्थानीय नेता रन्जित कुमार रायलगायतकाले आँखा अस्तपाललाई व्यवस्थित गरी जनताको सेवाप्रवाह प्रभावकारी गनुपर्ने भन्दै विधि विधान अनुसार अस्पताल संचालन हुनुपर्नेमा जोड दिएका थिए ।

यस भन्दा पूर्व रामानन्द युवा क्लवका अध्यक्ष आशुतोष झाको अगुवाइमा सर्वपक्षीय भेलाबाट अस्पताललाई व्यवस्थित बनाउने जिम्मा क्लवलाई दिइएको थियो ।

# पर्यटकको रोजाइमा हात्तीदह सिमसार




टुडे समाचारदाता

सिरहा । दुई वर्षअघि 'कोइरालो खोला नमूना सामुदायिक वन' भित्रको सिमसार क्षेत्रलाई संरक्षण र व्यवस्थापन गरी 'इको टुरिजम' विकास गरिएपछि सिरहाको लहान नगरपालिका-१५ स्थित 'हात्तीदह सिमसार' क्षेत्र पर्यटकको रोजाइमा पर्न थालेको छ । विसं २०८० मा एक लाख २५ हजार आन्तरिक तथा बाह्य पर्यटकले यस क्षेत्रको अवलोकन भ्रमण गरेका छन् ।

हात्तीदह सिमसार तथा पर्यटकीय क्षेत्र संरक्षण तथा सञ्चालक समितिका अध्यक्ष रुद्रनारायण चौधरीले सिमसार क्षेत्र संरक्षण गरी पर्यटकीय क्षेत्र विकास गरेको छोटो समयमै आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्न थालेको बताए ।

"छोटो समयमै आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको छ । यसले हामीलाई उत्साहित बनाएको छ", अध्यक्ष चौधरीले भने, "आगामी दिनमा यसलाई थप व्यवस्थित बनाउँछौँ ।"

डिभिजन वन कार्यालय, लहानको जैविक विविधता साथै पर्यापर्यटनका लागि सहयोग, लहान नगरपालिकाले सडक बाटो निर्माण तथा मर्मत, दिवङ्गत नेता प्रदीप गिरीको सङ्घीय संसदीय विकास कोषबाट खानेपानी ट्याङ्की निर्माण, वडा नं १५ ले विद्युतीकरण र खानेपानी धारा जडान, बृहत् जलाधार व्यवस्थापन कार्यलय उदयपुर र राष्ट्रपति चुरे संरक्षण विकास कार्यालयले वनभोजस्थल निर्माण र पर्यापर्यटन प्रवर्द्धन गर्न सहयोग गरेपछि यस क्षेत्रको विकास सम्भव भएको अध्यक्ष चौधरीले जानकारी दिए ।

चुरे पर्वतको फेदमा हरियाली वनजङ्गल, बीचमा 'बोटिङ'सहितको स्वच्छ र सफा पोखरी, उद्यान निर्माण, चिसो हावापानी र शान्त वातावरणले पर्यटकलाई आकर्षित गरेको छ । यसैगरी फूलको बगैँचा, बालबालिकाका लागि उद्यान, प्राणी उद्यान केन्द्रलगायत संरचना यहाँ निर्माण गरिएका छन् । करिब ५६ हेक्टरमा फैलिएको लहान-१५ ढोड्नास्थित 'कोइरालो समुदायिक वन'मध्ये पाँच हेक्टर सिमसार क्षेत्रलाई संरक्षण गरी पर्यटकीय गन्तव्य बनाइएको छ ।

आगामी दिनमा पर्यटकलाई थप आकर्षित गर्न साहसिक पर्यापर्यटन, सामुदायिक होमस्टे (घरबास) प्रवर्द्धन, घोडा सवारी, पोखरी माथि पुल निर्माण तथा सूचना केन्द्र स्थापना गर्ने योजना रहेको अध्यक्ष चौधरीले जानकारी दिए । पर्यटकीय क्षेत्रको आन्तरिक आम्दानीबाट ३८ जनाले रोजगार पाएका छन् ।

नजिकै रहेको प्रसिद्ध राजदेवी मन्दिरलाई पनि जोडेर यस क्षेत्रको एकसाथ विकास गर्न स्थानीय तह लागिपरेको लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरीले बताए । सिमसार पर्यटन क्षेत्रको विकासलाई प्राथमिकता दिएर थप पूर्वाधार निर्माणमा जोड दिइने उनले बताए ।

# आठ हजार बढी बालबालिका अझै विद्यालय बाहिर

टुडे समाचारदाता

मलंगवा । राष्ट्र्व्यापीरुपमा भर्ना अभियान सञ्चालन भइरहँदा सर्लाहीमा आठ हजार बढी विद्यालय उमेरका बालबालिका विद्यालय बाहिर रहेको पाइएको छ ।

जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइको तथ्याङ्कअनुसार तीन हजार सात सय ९७ जना बालिका र चार हजार चार सय ८० जना बालक गरी आठ हजार दुई सय ७७ जना विद्यालय उमेरका बालबालिका विद्यालय बहिर रहेका छन् । विशेष गरेर विपन्न, दलित तथा मुस्लिम समुदायका बालबालिका विद्यालय बाहिर रहेको शिक्षा विकास तथा समन्वय एकाइ सर्लाहीका प्राविधिक सहायक सुनिलकुमार कुशवाहले जानकारी दिए ।



तथ्याङ्कअनुसार जिल्लामा सबैभन्दा धेरै बरहथवा नगरपालिकामा विद्यालय उमेरका बालबालिका विद्यालय नजाने गरेको पाइएको छ । सबैभन्दा कम पर्सा गाउँपालिकाका बालबालिका विद्यालय बाहिर छन् । बरहथवा नगपालिकामा पाँच देखि १२ वर्ष उमेर समूहका तीन सय ६९ जना बालिका र चार सय ६३ जना बालक गरी आठ सय ३२ बालबालिका विद्यालय बाहिर छन् ।

यस्तै सबैभन्दा कम पर्सा गाउँपालिकामा एक सय १५ जना बालिका र एक सय २७ जना बालक गरी दुई सय ४२ जना बालबालिका विद्यालय बाहिर रहेका छन् । समाजमा अझै पनि धेरै अभिभावकमा बालबालिका पढाउनुपर्छ भन्ने चेतना नभएको पर्सा गाउँपालिका-१, स्थित प्राथमिक विद्यालयका शिक्षक रामनारायण रायले बताए । यसरी विद्यालय बाहिर रहेका बालबालिकालाई भर्ना अभियान मार्फत् विद्यालयमा ल्याइने शिक्षक रायले बताए ।

अन्य पालिकामा पनि विद्यालय उमेरका बालबालिका अझै विद्यालय बाहिर रहेको तथ्याङ्कले देखाएको छ । विशेष गरेर गरिबी तथा चेतनास्तरको कमीका कारण बालबालिकालाई अभिभावकले विद्यालय नपठाउने गरेको पाइएको छ । धेरै अभिभावक इँटाभट्टालगायत स्थानमा मौसमी कामदारका रुपमा जाने गर्दा पनि बालबालिका विद्यालय बाहिर रहने गरेको शिक्षा विकास तथा समन्वय एकाइ सर्लाहीका प्रमुख रामवृक्ष महतोले बताए ।

यसरी विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन जिल्लामा यतिबेला भर्ना अभियान चलिरहेको छ । विद्यालयका शिक्षक शिक्षिका व्यवस्थापन समितिका पदाधिकारीलगायतको उपस्थितिमा र्‍याली तथा घर दैलो कार्यक्रमसमेत सञ्चालन भइरहेको छ । अधिकांश पालिकाले यस वर्ष विद्यालय उमेरका बालबालिकालाई शतप्रतिशत विद्यालय भर्ना गरिने बताएका छन् ।

# चार दिन तातो हावा चल्नसक्ने अनुमान

टुडे समाचारदाता

जनकपुरधाम । मौसम पूर्वानुमान महाशाखाले नेपालको तराई क्षेत्रमा चार दिनसम्म तातो हावा चल्नसक्ने बताएको छ ।

महाशाखाका अनुसार केही दिनदेखि देशका अधिकांश भागको अधिकतम तथा न्यूनमत तापक्रम क्रमिक रुपमा वृद्धि भइरहेको छ । केही स्थानमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा त्यसभन्दा बढी मापन भएको छ ।

विभागको तथ्यांकअनुसार सोमबार दिउँसो अधिकतम तापक्रम जनकपुरधाममा ४०, सिमरामा ४० डिग्री सेल्सियस मापन भएको छ । धनगढीमा ३८.८ र नेपपालगञ्जमा ३८.४ डिग्री सेल्सियस मापन भएको छ ।

महाशाखाका अनुसार धनुषादेखि कञ्चनपुरसम्म (चितवन र नवलपुरबाहेक) का क्षेत्रमा वैशाख १४ सम्म अध्यधिक गर्मी हुने सम्भावना छ । तातो हावा तथा तातो लहरको सम्भावना रहेकाले त्यस क्षेत्रकाले सतर्कता अपनाउन अनुरोध गरेको छ ।

तातो हावा वा तातो लहर चलेमा थकाइ लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, बान्ता हुने जस्ता समस्या हुनसक्छ । यसबाट बच्न बढी गर्मीको समयमा घरभित्र वा चिसो स्थानमा बस्न, घाममा धेरै नजान, हल्का लुगा लगाउन, पानी वा झोल पदार्थ प्रशस्त मात्रामा पिउन विभागले सल्लाह दिएको छ ।



## लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

**औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।**

**यसबाट बच्ने:**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेले नटोकोस भनी सचेत रहनें,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिसबस्नेघरभन्दापशुपन्छीकोखोरटाढाराख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड


# डढेलोले दुईवटा घर र एउटा गोठ जलेर नष्ट

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको उत्तरी चुरेभेगमा पर्ने लालबन्दी नगरपालिका-१४, नारायण खोलास्थित सतासमा डढेलो सल्किएर दुईवटा घर र एउटा गोठ जलेर नष्ट भएको छ ।

घर नजिकैको सतास सामुदायिक वनमा लागेको डढेलो सल्किएर वुद्धिमान मोक्तान र उनका भाई फुर्साङ मोक्तानको घर जलेर खरानी भएको छ । मोक्तान द्वयका बुवा आइतेमान मोक्तानको गोठ पनि आगलागीमा परेर नष्ट भएको लालबन्दी १४ नारायण खोलाका वडाध्यक्ष छेनामसिंह घिसिङले जानकारी दिए ।

वडाध्यक्ष घिसिङका अनुसार आइतबार दिउँसो घरका मानिस नारायण खोलाकै डाइनी खोला भन्ने ठाउँमा विवाहमा गएका बेला डढेलोबाट घर, गोठ जलेर ध्वस्त भएको छ । बिजुली अवरुद्ध भएर मोटर नचलेको र बस्तीदेखि तल खोलाको पानी गाग्रीमा बोकेर ल्याउँदा धेरै समय लाग्ने भएकाले आगो निभाउन नसकिएको वडाध्यक्ष घिसिङले बताएका छन् ।

छरछिमेकी मिलेर फुर्साङ मोक्तानको अर्को एउटा घरमा भने माटो हालेर आधाउधी भाग जल्नबाट जोगाएको वडाध्यक्ष घिसिङले बताए । आगलागीपछि फुर्साङ आफ्नो केही भाग जलेको घरमा बसेका छन् भने दाई वुद्धिमानले आफन्तको घरमा शरण लिएर बसेका स्थानीयले बताएका छन् ।

सडक नपुगेको नारायणखोला सर्लाहीको सबैभन्दा विकट क्षेत्रमा पर्छ । वडाध्यक्ष घिसिङले सोमबार प्रहरी चौकी पत्थरकोटबाट प्रहरी लगेर घटनास्थलको मुचुल्का उठाइएको बताए । उनका अनुसार आगलागीबाट २५ लाख रुपैयाँ बढीको क्षति भएको छ ।

सुक्खापन र तीव्र गतिमा हावाहुरी चल्दा सर्लाहीको चुरेभेगका वनमा लागिरहेको डढेलो घर, गोठमा सल्कने घटना बढ्न थालेका छन् ।

एक महिनाअघि वनमा लागेको डढेलो सल्किएर लालबन्दी १५ बाहुने डाँडामा दुईवटा गोठ जलेर नष्ट भएको थियो ।

# आगलागीबाट ३ पसल नष्ट

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको चक्रघट्टा गाउँपालिका १ शिवनगरमा सोमबार आगलागी हुँदा ३ वटा पसल जलेर नष्ट भएका छन् भने एक निर्माणाधीन भवनमा पनि क्षति पुगेको छ ।

स्थानीय विन्देश्वर साहको निर्माणाधीन घरबाट सल्केको आगोबाट साहकै औषधि पसलहरु पूर्णरुपमा जलेर खरानी भएको छ । साहको निर्माणाधीन पक्की घरको दोस्रो तल्लाको छत ढलान थियो । ढलानका लागि पूजा गर्न बालिएको अगरबती सल्केर सटररिङ्ग गरेको काठमा पुग्दा आगलागी भएको स्थानीयले बताएका छन् । पूजा गरेर ढलान गर्ने कामदारहरू खाना गएको बेला आगो लागेकाले कसैलाई थाहा नभएको स्थानीय विनोद साहले बताए । आगलागी, स्थानीयबासी, प्रहरी र हरिवन नगरपालिकाबाट आएको बारुण यन्त्रले नियन्त्रणमा लिएका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८